बेसीशहर नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनको प्रथम बैठकमा
नगर उपप्रमुख श्री पद्मा गुरुङले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बेसीशहर
२०८२ असार ९

# बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को
# नीति, कार्यक्रम तथा बजेट

**१७ औं नगरसभा अधिवेशनका सभाध्यक्ष एवम् नगरप्रमुखज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सम्पूर्ण नगरसभासद्ज्यूहरु,**
**कर्मचारी, पत्रकार तथा उपस्थित महानुभावहरु ।**

१. नेपालको संविधानको धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहको जनप्रतिनिधिमूलक सर्वोच्च संस्था नगरसभाको यस सत्रौं अधिवेशनको सम्मानित बैठकमा बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय सभामा गौरववोधका साथ उपस्थित भएको छु ।

२. सर्वप्रथम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली तथा उच्च सम्मान व्यक्त गर्दछु ।साथै शहीदहरुले देखेको सपना पुरा गर्नेतर्फ निरन्तर निष्ठापूर्वक लागि रहने प्रेरणा हामी सवैलाई प्राप्त होस् भन्ने अभिलाषा व्यक्त गर्दछु ।

३. नयाँ संविधान प्राप्त भए पछिको स्थानीय तहको दोश्रो निर्वाचनबाट हामी निर्वाचित भएर आएको ३ बर्ष पुरा भएको छ । कति कार्यहरु सम्पन्न गरिए, कतिपय कार्यहरु हुँदै गरेका तथा कतिपय कार्यहरु गर्न खोजेर पनि गर्न नसकिएका तथा केही कार्यहरुमा अझै ध्यान पुग्न बाँकी रहेका पनि होलान् । तर आम नगरबासीले राखेका अपेक्षाहरु पुरा गर्न हामी कति इमान्दारिता र दृढ इच्छाशक्तिका साथ जनताकै विचमा रहन सक्यौं त्यो मुख्य कुरा हो भन्ने लाग्दछ । देशले संघीय शासन प्रणालीको अभ्यास गरेको यो समयमा तीनै तहका सरकारहरु विचको प्रभावकारी समन्वय र सहकार्यले मात्र जनताको विकास प्रतिको उत्कट चाहना पुरा हुँदै जानेछ भन्ने विश्वास लिएको छु ।

**सम्पुर्ण सभासदज्यूहरु !**

४. हाम्रो बजेटको अधिकांश हिस्सा संघीय सरकारबाट आउने अनुदान र राजश्वले ओगट्ने कुरा जगजाहेर नै छ । विगत वर्षहरुमा समानीकरण अनुदानलाई मात्र हेर्यौं भने पनि यसको सिलिङ बढेर जान सकेको छैन, बरु शुरुका वर्षहरु भन्दा घट्दो नै देखिन्छ । समानीकरण अनुदानको सिलिङ आ.व.२०७८/७९ मा १४ करोड २६ लाख रहेकोमा चालु आ.व. २०८१/८२ मा १३ करोड ६ लाख मात्र रहेको छ । त्यही रकम पनि आर्थिक वर्षको अन्तमा आएर केही प्रतिशत रोक्का हुने रोग गत आ.व. बाट चालु आ.व.सम्म जारी नै छ । राजश्व बाँडफाँडतर्फ चालु आ.व. को बजेट ११ करोड ६१ लाख रहेकोमा आगामी आ.वको लागि १० करोड ७ लाख मात्र अर्थात चालु आवको तुलनामा डेढ करोड भन्दा कम बजेट सिलिङ प्राप्त भएको अवस्था अवगत गराउँदछु ।

५. गत आ.व. २०८०/८१ को लागि रु. ६ करोड २६ लाख ३६ हजार आन्तरिक आय अनुमान गरिएकोमा रु. ५ करोड २ लाख ४५ हजार ययार्थ आय भयो। जुन कुल लक्ष्यको ८०.२२ प्रतिशत रहेको थियो । उक्त रकम आ.व. २०७९/८० को यथार्थ आयको तुलनामा १६ लाख ४० हजारले बढी हो । चालु आ.व. २०८१/८२ को लागि ६ करोड ३६ लाख २२ हजार आन्तरिक आय (स्थानीय राजश्व समेत) अनुमान गरेकोमा २०८२ असार ७ गतेसम्ममा रु. ४ करोड २१ लाख ४० हजार ९५ अर्थात कुल लक्ष्यको ६६.२३ % मात्र यथार्थ आय भएको छ । आन्तरिक आय अनुमानमा महत्वपूर्ण

हिस्सा ओगट्ने प्राकृतिक श्रोत उपयोग कर (ढुंगा गिटी बालुवा) बाट  रु. १ करोड २० लाख आम्दानी गर्ने लक्ष्य राखिएकोमा हालसम्म रु.२३ लाख ८८ हजार ४१३ अर्थात लक्ष्यको २० % मात्र आम्दानी प्राप्त भएको छ।

६. एकातिर बार्षिक बजेटको आकार स्थिर रहेको परिस्थिति छ भने अर्कोतर्फ आयोजना तथा कार्यक्रमहरुको आवश्कयता र माग दिनानुदिन बढ्दो अवस्थामा छ । त्यसै माथि मनसुनजन्य विपद् र जलवायु परिवर्तनका कारण लगानी गरिएका आयोजनाहरुमा बर्षेनी ठूलो क्षति पुग्न गई निर्माण गरिएका आयोजनाहरुको मर्मत सम्भार, पुनः निर्माण र संरक्षणमा पनि निरन्तर लगानी गर्नु परेको अवस्था छ ।

७. यस परिस्थितिमा हामीले आयोजना/ कार्यक्रम संख्यालाई न्यूनीकरण गर्ने, आयोजना/ कार्यक्रमहरुको प्राथमिकीकरण मार्फत अति जरुरी आयोजना तथा कार्यक्रमहरुमा ध्यान दिने, साझेदारीका कामहरुमा समन्वय गरी प्रभावकारिता बढाउने, न्युन बजेटबाट बढी भन्दा बढी नतिजा निकाल्ने गरी कार्य गर्ने, खर्चमा मितव्ययिता कायम गर्ने, जनपरिचालन र जनताको अपनत्व बढाउने जस्ता उपायहरु अपनाउनु पर्ने देखिएको छ ।

**अध्यक्ष महोदय,**

८. बार्षिक बजेट बजेट तर्जुमा गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले तयार गरेको "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" मा भएको व्यवस्थालाई अधिकतम् पालना गर्ने प्रयास गरिएको छ । बेसीशहरमा राजनीतिकर्मी तथा बुद्धिजीवीहरुसंग आयोजना गरिएको सुझाव संकलन गोष्ठीबाट नगरपालिकालाई महत्वपूर्ण सुझाव र विचारहरु प्राप्त भएको थियो । सबै सरोकारवाला व्यक्ति र संस्थाहरुलाई सार्वजनिक सूचना मार्फत सुझावका लागि आह्वान गरिएको थियो जस अनुसार केही सुझावहरु प्राप्त भएका छन् । नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्राप्त भएका रचनात्मक सुझावहरुलाई समेत ग्रहण गरिएको छ ।

९. राजश्व परामर्श समितिको पटक पटकको बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक, बस्ती तथा वडास्तरीय भेला/बैठक, विषयगत समितिका बैठकहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र नगर कार्यपालिकाका बैठकहरु हुँदै हामी आजको यो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने अवस्थासम्म आइपुगेको व्यहोरा सम्पूर्ण नगरसभासद्ज्यूहमा स्मरण गराउँदछु ।

१०. प्रस्तुत नीति, कार्यक्रम तथा बजेटलाई कृषिक्षेत्रको प्रवर्द्धन, आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा, प्रविधिमूलक गुणस्तरीय शिक्षा, सीप तथा रोजगारमुलक कार्यक्रम, आधारभूत भौतिक पूर्वाधार स्तरोन्नति, प्रभावकारी सेवा प्रवाह तथा सामाजिक न्याय र समावेशीकरणका विषयमा केन्द्रित गरिएको छ ।

**सभासद्ज्यूहरु,**

११. अव म चालु आ.व. २०८१/८२ का हालसम्म हामीले सम्पन्न गरेका मुख्य मुख्य कार्यक्रम तथा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरुलाई यस नगरसभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले विभिन्न क्षेत्रका १७ वटा सूचकहरुमा रहेर देशभरका ७५३ वटै स्थानीय तहहरुको कार्य सम्पादन मूल्याङ्कन गर्दा बेसीशहर नगरपालिकाले कुल ७४.६९ अंक प्राप्त गरी देशभरमा एक्काइसौं स्थान तथा प्रदेशमा पाचौं स्थान तथा जिल्लामा प्रथम स्थान हासिल गरेको छ । साथै नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्य सम्पन्न गरिएको छ ।

१३. गत आ.व. २०८०/८१ को वार्षिक प्रगति समीक्षा सम्पन्न गरी समीक्षा प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरी यहाँहरु समक्ष यस अघि नै ल्याइसकेका छौं । जस अनुसार गत वर्ष हामीले ७९.३७% वित्तिय प्रगति र ८४.०४ % भौतिक प्रगति हासिल गरेको सहर्ष अवगत गराउँदछु । चालु आवको प्रथम तथा दोश्रो चौमासिक समीक्षा पनि निर्धारित अवधीमै सम्पन्न गरिएको छ ।

१४. समीक्षा गोष्ठीकै दिन चालु आ.व. २०८१/८२ को बार्षिक योजना पुस्तक सार्वजनिक गरी हामी कार्यान्वयनमा गएका थियौं र अहिले आर्थिक वर्षको अन्त अन्तमा आइपुगेका छौं । चालु आर्थिक वर्षमा भएका कार्यहरुको समिक्षा आगामी साउन भित्रै विस्तृत रुपमा गरिनेछ ।

१५. चालु आ.व. २०८१/८२ को कुल संशोधित आय अनुमान रु. ७६ करोड ५ लाख ५३ हजार २२३ रहेकोमा २०८२ असार ७ गते सम्ममा रु. ६८ करोड १८ लाख ९० हजार ६९० अर्थात कुल अनुमानको ८९.६५% यथार्थ आम्दानी भएको छ । २०८२ असार ७ गतेसम्ममा रु. ५० करोड ३५ लाख ६ हजार ७३२ अर्थात कुल बजेटको ६६.२% मात्र खर्च भएको छ ।

१६. महालेखापरीक्षकको कार्यालयबाट बेसीशहर नगरपालिकाको गत आ.व. २०८०/८१ को लेखा परीक्षण कार्य चालु आ.व.मा सम्पन्न भई अन्तिम प्रतिवेदन समेत प्राप्त भएको छ ।उक्त प्रतिवेदन महालेखापरीक्षकको कार्यालयको वेभ साइटमा समेत रहेको हुँदा जसले जतिबेला पनि हेर्न/बुझ्न तथा जानकारी लिन पाउने अवस्था छ।लेखा परीक्षणबाट प्राप्त भएका सुझावहरुलाई मनन् गर्दै असुल उपर गर्नुपर्ने बेरुजुलाई असुल उपर गर्नेतर्फ तथा नियमित गर्नुपर्ने सैद्धान्तिक बेरुजुलाई सम्परीक्षण गर्नेतर्फ आवश्यक कार्य गरिदै आइएको छ ।

१७. चालु आ.व.को साउनदेखि हालसम्म कुल १९ वटा कार्यपालिका बैठक आपसी छलफल, वहश र सहमतिमै सम्पन्न भएका छन् र कुल २९९ वटा निर्णय भई कार्यान्यिनमा गएका छन् । चालु आ.व.को नगरसभाको हिउँदे अधिवेशन सफलतापूर्वक सम्पन्न भएको सवैलाई जानकारी नै छ ।

१८. कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता विकास तालिम उपलब्ध गराइएको छ जसबाट स्थानीय शासन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मद्दत पुगेको छ । सुशासन र पारदर्शिताको लागि नगरपालिकाको कार्यालय परिसरमा नागरिक वडापत्र अद्यावधिक गरी टाँस गरिएको छ।सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा ई हाजिरी जडान कार्य सम्पन्न भएको छ ।जनप्रतिनिधि, स्थानीय समाजसेवी र कर्मचारीहरुको लागि आयोजित फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अवलोकन भ्रमण सम्पन्न गरिएको छ ।उत्कृष्ठ कर्मचारीहरु तथा शिक्षक छनौट गरी सम्मान गरिएको छ ।

१९. रेडीयो मर्स्याङ्दीको सहजीकरणमा बेनपा २ भकुण्डेमा सार्वजनिक सुनुवाई सम्पन्न भई उक्त प्रतिवेदनको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल समेत गरिएको छ।

२०. वडा नं. १ मा स्थित उदिपुर कालिका मन्दिर परिसर, वडा न. ८ स्थित नारायणथान चौक र वडा नं ३ स्थित गाँउशहर कालिका मन्दिर परिसर भित्र फ्रि वाईफाई सेवा उपलब्ध गराइएको, कार्यालय, बजार क्षेत्र, धापटोल र सहजी बसपार्कमा सिसी क्यामेरा जडान गरिएको, सडक बत्ती मर्मत तथा नयाँ जडान क्रमश भै रहेको, एम्बुलेन्स र कृषि एम्बुलेन्समा जि पि एस जडान गरिएको छ ।

२१. उपभोक्ता समितिमार्फत कार्यान्वयनमा गएका आयोजना अन्तर्गत सम्झौता भएका कुल ९० वटा नगरस्तरीय आयोजनाहरुमध्ये ७८ वटा (८७%) सम्पन्न भएका छन् भने सम्झौता भएका १९९ वटा वडास्तरीय आयोजनाहरुमध्ये १८८ वटा (९४%) आयोजनाहरु सम्पन्न भएका छन् । कार्यपालिका बैठकबाट संशोधन भएकामध्ये कुल १३६ वटा आयोजनाहरु सम्झौता

भएकोमा १२२ वटा (९०%)  आयोजनाहरु सम्पन्न भएका छन् ।नगरप्रमुखबाट निर्णय भएका तर्फ सम्झौता भएका कुल १२२ आयोजना/कार्यक्रमहरुमध्ये ११२ वटा (९२%) आयोजना/कार्यक्रम सम्पन्न भएका छन् । २२० केभि प्रसारण लाइनको संस्थागत सामाजिक उत्रदायित्वतर्फका ६ वटा आयोनाहरुमध्ये ६ वटै आयोजना सम्पन्न भएका छन् । यसरी जम्मा ५५३ आयोजना/कार्यक्रमहरुमध्ये ५०६ वटा आयोजना (९२%) आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् ।

२२. ठेक्का प्रक्रिया वमोजिम कार्यान्वयनमा गएका आयोजनाहरुमध्ये संघीय समपुरक तर्फका धुरपुरे-दुईथोक-विम्दा-बाखेजगत सडकको भौतिक प्रगति ८७% र वित्तिय प्रगति ७८% तथा उदिपुर नयाँगाउँ सडकको भौतिक प्रगति ९४ % र वित्तिय प्रगति ९८% रहेको छ । संघीय विशेष अनुदानतर्फको अन्नपूर्ण मावि बेनपा ५ को भवन निर्माण कार्य सम्पन्न भएको छ । प्रदेश समपुरकतर्फको जिल्ला अस्पतालचोक देखि १० नं वडा कार्यालय जाने सडक आयोजना सम्पन्न भएको छ । सडक बोर्डसंगको लागत साझेदारीमा  बेसीशहर रिङरोड (८५.७६ लाख) स्तरोन्नति कार्य सम्पन्न भएको छ, बजार क्षेत्रका कालोपत्रे सडक मर्मत कार्य (५० लाख) को ७३% कार्य सम्पन्न भएको छ । यसै गरी औद्योगिक ग्राम पहुँच सडक, मूलपानी ठूलाखेत सडक निर्माण कार्य सम्पन्न भएको छ । ३ नं वडा कार्यालय भवन निर्माणको सम्झौता वमोजिमको ८६% कार्य सम्पन्न भएको छ ।संघीय सशर्त तर्फका बेनपा-१ को तमु संग्रहालय भवन निर्माण (६८लाख)को ८३% कार्य सम्पन्न भएको छ भने नेपाल तामाङ सांस्कृतिक संग्रहालय भवन (१ करोड) को ७४% कार्य सम्पन्न भएको छ । गाउँशहर-बाखेजगत सडक (२० लाख), ल्याण्डफिल्डसाइट सडक (२० लाख) सम्पन्न भएका छन् । चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माणाधिन अवस्थामा नै छ । यस आयोजनाको लागि प्रदेश विशेष अनुदानबाट आगामी आ.व. को लागि बजेट विनियोजन भएकोछ ।

२३. आ.व. २०८०/८१ को नगरपालिका र मातहतको सबै कार्यालयमा जिन्सी निरीक्षण गरिएको, सबै सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक गरिएको, लिलाम गर्नुपर्ने सामाग्रीहरु औंल्याइएको, ९६ वण्डल जस्तापाता खरिद गरी  सबै वडाका विपन्न नागरिक तथा संघ संस्थाहरुलाई आवश्यकतानुसार उपलब्ध गराइएको, १८३ थान ग्याविन जाली खरिद गरी भूक्षय नियन्त्रण, जलाधार र पूर्वाधार संरक्षण कार्यमा उपलब्ध गराइएको,एक घर एक धारा तथा सिंचाइको लागि पोलिथिन पाइपहरु उपलब्ध गराइएको    छ।कार्यालयको नाममा रहेका सवै प्रकारका मेसिन तथा सवारीसाधनहरु मर्मतसम्भार गरी चालु अवस्थामा राखिएका तथा नविकरण समेत गरिएका छन् ।

२४. चालु आ.व.मा ९५ वर्ष माथिका १७ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ । परिवारका जेष्ठ नागरिक/दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिहरुको सेवामा समर्पित भएका ५० जना हेरचाहकर्ताहरु छनौट गरी सम्मान गरिएको छ ।वडा तथा नगरस्तरीय ज्येष्ठ नागरिक मञ्च गठन कार्य सम्पन्न गरिएको छ । ६० वर्ष माथिका ३६ जना एकल पुरुषहरुलाई नगरपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ ।

२५. चालु आ.व.मा कुल ३३ जना व्यक्तिलाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ । जसमध्ये ७ जनालाई रातो कार्ड, ११ जनालाई नीलो कार्ड, १३ जनालाई पहेंलो कार्ड र २ जनालाई सेतो कार्ड प्रदान गरिएको छ । पहेंलो कार्ड भएका  ५४ जनालाई नगरपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । अपाङ्ग समन्वय समितिको कुल ८ वटा बैठक सम्पन्न भएका छन् । अपाङ्ता लक्षित कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

२६. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको समयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सम्पन्न गरिएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा फुलबारी मञ्चमा वडास्तरीय लोकगीत प्रतियोगिता भव्य रुपमा सम्पन्न गरिएको छ । सो अवसरमा विभिन्न विधाका ५ जना उत्कृष्ट महिला तथा महिला समुहहरुलाई सम्मान गरिएको छ ।महिला लक्षित मादल बजाउने, धुप बनाउने लगायतका आयमूलक तालिमहरु सम्पन्न गरिएका छन् ।वडा तथा नगरस्तरीय महिला सञ्जालहरु क्रियाशिल भई महिला तथा समुदायको विकासमा योगदान पुर्याईरहेका छन् ।

२७. चालु आ.व.मा वडा नं ११ बालमैत्री वडा घोषणा भई बालमैत्री वडा घोषणा भएका वडाहरुको संख्या ६ पुगेको छ । वडा नं ३ र ५ घोषणाको तयारीको लागि सूचकहरु पुरा गर्ने कार्यमा तथा प्रक्रियगत चरणहरुमा जुटिरहेको अवस्था छ । चालु आ.व.मा बालबालिकाको बस्तुगत विवरण प्रकाशन गरिएको छ । नगरस्तरीय बालक्वल पुनर्गठन गरिएको छ, बालभेला सम्पन्न गरिएको छ । बालबालिकाको लागि निर्माण गरिएको रणनीतिक कार्ययोजनाको बहु सरोकारवालाहरुको सहभागितामा मध्यावधि समिक्षा गरी आगामी दिनमा गर्नुपर्न थप कार्यहरुको योजना तयार गरिएको छ ।

२८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गरिएको छ । २१३ जनाको लगत कट्टा गरिएको छ । चालु आ.व.को हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ५ हजार भन्दा बढी लाभग्राहीहरुलाई तेश्रो त्रैमासिक अवधीसम्मको रु. १४ करोड ६९ लाख ७८ हजार सम्बन्धित व्यक्तिको खातामा पठाइएको छ ।

२९. न्यायिक समितिमा दर्ता भएका कुल ४५ वटा उजुरीहरुमध्ये २१ वटा उजुरीहरु फर्छ्यौट भएका छन् । विवादित पक्षहरुलाई बोलाई छलफल गराउने, नियमित रुपमा इजलास बस्ने तथा समितिको बैठक मार्फत विवाद समाधान गर्ने कार्य भएको छ । न्यायिक समितिको क्षमता अभिबृद्धिको लागि अध्ययन सिकाई भ्रमण सम्पन्न भएको छ ।

३०. युवा सीप विकास, मेड्पा र महिलासंग उपमेयर कार्यक्रम अन्तर्गत विपन्न र सिक्ने क्षमता भएका युवाहरुलाई लक्षित गरी ६० जना युवाहरुलाई १ महिने ड्राइभिङ तालिम, २० जनालाई ३ महिने व्युटिसियन एडभान्स तालिम, १६ जनालाई १ महिने कुकिङ तालिम, १५ जनालाई ४५ दिने ब्याग पर्स बनाउने तालिम, १२ जनालाई ३ महिने आधारभूत सिलाई कटाई तालिम तथा २७ जनालाई ७ दिने मौरीपालन तालिम प्रदान गरी उपयुक्त मेसिन, सामाग्री समेत उपलब्ध गराइएको छ ।

३१. बैदेशिक रोजगारीमा गएका तथा जाने व्यक्ति र तिनका परिवारहरुको सहयोगको लागि स्थापना गरी सञ्चालन गरिएको आप्रवासी स्रोत केन्द्रबाट ठगी सम्बन्धि १५ ओटा उजुरी मध्ये ९ ओटा समाधान गरी रु.१३ लाख १८ हजार, मृत्यु तथा क्षतिपुर्ति मा ६ ओटा उजुरी मध्ये ६वटै समाधान गरी रु. ८७ लाख र स्वास्थ्य उपचार अन्तरगत ९ वटा घटनामध्ये २ वटा समाधान गरी ४ लाख ६२ हजार गरी कुल १ करोड ४ लाख ८० हजार पिडित पक्षलाई उपलब्ध गराउन आवश्यक सहजीकरण गरिएको छ ।सेवाकेन्द्रबाट कुल १३१६ जनालाई सूचना तथा परामर्श सेवा तथा १२ जनालाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ ।

३२. कृषि विकासतर्फ नगरपालिकाले खरिद गरेको कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइएको छ ।कृषि यान्त्रिकरणतर्फ ३५ वटा मिनि टिलर, १३ वटा मकै रोप्ने मेशिन, ४८ वटा सिल्पोलिन प्लाष्टिक, २० वटा मल्चिङ प्लाष्टिक,१० वटा स्प्रेयर लगायतका कृषिजन्य सामाग्री ५० प्रतिशत अनुदान सहयोगमा जम्मा ११८ जना कृषकहरुलाई उपलब्ध गराईएको छ, जस अन्तरगत ४८ वटा टनेल घरहरु निर्माण भई बेमौसमी खेती प्रवर्द्धनमा टेवा पुग्नुका साथै कृषकहरुको उत्पादन लागत घट्न गएको छ । मौरीपालन तर्फ १४१ वटा आधुनिक मौरी घारहरु थप गरिएको छ जसबाट महको उत्पादन वृद्धि भई कृषकहरुको दिगो आम्दानीको श्रोत बनेको छ । यसै गरी ५०% अनुदान सहयोगमा ३४२७ के.जि. मकैको उन्नत बीउ तथा ४८३५ के.जि. धानको उन्नत बीउ करिव १९३२ जना कृषकहरुलाई वितरण गरिएको छ , जसबाट कम्तिमा १४० हे. क्षेत्रफलमा मकै बाली र करिव १७५० रोपनीमा धान बालीको उन्नत बीउको खेती विस्तार भई मकै र धान क्रमशः करिव ३५० मे.टन र २१५ मे.टन उत्पादन हुने अनुमान गरिको छ । नर्सरी प्रवर्द्धन कार्यक्रम अन्तरगत सहुलियत दरमा बिरुवा वितरण तर्फ काउली वर्ग, प्याज, गोलभेडा, खुर्सानी, लहरेबाली लगायत तरकारीहरुको सहुलियत दरमा गुणस्तरीय बिरुवा सम्पूर्ण वडामा समष्टिगतरुपमा करिव १५८६ जना कृषकहरुले प्राप्त गरेका छन् जसले एकातिर बिरुवा उमार्न लाग्ने सर्वसाधारण किसानको समय र लगानीको बचत भएको छ भने अर्कोतिर बीउ गुणाको बोट, बोट गुणाको फल भन्ने कुरालाई आत्मसात गरी स्वस्थ र गुणस्तरीय बेर्नामार्फत तरकारीको उत्पादन तथा उत्पादकत्त्व वृद्धिमा उल्लेख्य रुपमा टेवा पुगेको छ ।

३३. पशुपंक्षी विकासतर्फ २२,९७२ वटा पशुपन्छीहरुमा उपचार सेवा संचालन, जम्मा ६६२ वटा नमूना प्रयोगशाला परिक्षण, ४३४ वटा कुकुर तथा विरालोहरुमा Anti-Rabies र DHPPL रोग विरुद्धको खोप कार्य संचालन, ४३ वटा गाई र १६० वटा भैंसीमा कृत्रिम गर्भाधान सेवा संचालन गरिएको छ ।यसै गरी ९ वटा पशु गोठ स्थापना तथा मर्मत, भैंसीको २ वटा मोडेल फर्म स्थापना, ५ वटा डिपिङ्ग ट्याङ्क, १२ वटा मिल्क क्यान, चरन खर्क सुधार तथा घुम्ति गोठ संरक्षण कार्यक्रम, पशु विमा प्रिमियम कार्यक्रम अन्तर्गत १०४ जना कृषकहरुको जम्मा २८९९ वटा पशुपन्छीहरुको कुल विमा शुल्कको २० प्रतिशत अनुदान रकम उपलब्ध गराईएको छ । कुल ४९२ जना कृषकहरुलाई ५२०० केजी जै तथा सुडान घाँसको वीउ वितरण गरिएको छ । यसै गरी कृषक क्षमता अभिबृद्धि तथा पशु स्वास्थ्य शिविरहरु सम्पन्न भएका छन् ।

३४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. ०८१/८२ मा हालसम्म कुल १७ वटा आयोजना मध्ये १५ वटा आयोजना सम्पन्न भएको र उक्त आयोजनाहरुमा ७२ जना व्यक्तिले औषतमा ७० दिन बराबरको रोजगारी प्राप्त गरेका छन् | रोजगार सेवा केन्द्र मार्फत हालसम्म जम्मा २३२ जना व्यक्तिले बैदेशिक रोजगारीमा जानको लागि श्रम स्विकृति प्राप्त गरि सेवा लिएका छन् | चालु आ.व. मा कुल ६४० जना बेरोजगार व्यक्ति रोजगारीमा खटिनको लागि EMIS मा सुचिकृत भएका छन् |

३५. ब्यवसाय तथा संघसंस्था दर्ता तथा सुचिकृततर्फ यस बर्ष १६७ वटा व्यवसाय दर्ता भएका छन् भने ७३५ वटा ब्यवसायहरु नवीकरण भएका छन् । हालसम्म २१३५ व्यवसायीहरु दर्ता तथा सूचिकृतको प्रकृयामा आएकोमा १०४ जनाले आफ्नो व्यवसाय बन्द गरेका छन् भने २३ वटा व्यवसाय नामसारी भई हालसम्म २००८ वटा ब्यवसाय संचालनमा रहेका छन् । ४८ वटा सहकारी संस्थाहरु मध्ये हालसम्म जम्मा २८ सहकारीहरु नवीकरण भएका, १०६ वटा ३ पाङ्ग्रे सवारी नविकरण भएका, १० वटा जलस्रोतका मुहानहरु दर्ता हुन आई जम्मा ४० वटा मुहानहरुले नियमानुसार दर्ता प्रकृया पुरा गरेका छन् ।

३६. शिक्षातर्फ ।१२ सामुदायिक विद्यालय तर्फ कक्षा ४ देखि ९ सम्मको र संस्थागत तर्फ कक्षा ८ को वार्षिक परीक्षा वार्षिक परीक्षा नगरपालिकास्तरमा सञ्चालन गरिएको छ । कक्षा ६ देखि ८ सम्मको नगरपालिका स्तरीय परीक्षाको सिकाइ उपलब्धि गणना गरी समिक्षा गरिएको छ । कक्षा ८, एस. इ. इ. परीक्षा, कक्षा १० र कक्षा १२ को परीक्षामा उत्कृष्ठ नतिजा प्राप्त गरेका सामुदायिक र संस्थागत विद्यालयहरुका विद्यार्थीहरुलाई सम्मान गरिएको छ । बालप्रतिभा प्रोत्सान, कार्यक्रम, शिक्षक प्रतिभा प्रोत्साहन कार्यक्रम, अपाङ्गता भएका बालबालिकाहरुका स्वास्थ्य परीक्षण कार्यक्रम, सम्पन्न भएका छन् । शिक्षक दरबन्दी मिलान कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गरिएको छ । ७ विद्यालयमा सिकाइ सुदृढिकरणका लागि आइ सि टी को प्रयोग कार्यक्रम र ६ वटा माध्यमिक तहका विद्यालयहरुमा ल्यापटप प्रोजेक्टर र स्क्रिन खरीदका कार्यक्रमहरु सञ्चालन गरिएका छन् । एकिकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा कस्टमाइज्ड तालिम, नवनियुक्त शिक्षकहरुका लागि मेन्टरिङ कार्यक्रम मार्फत पेशागत सहयोगका कार्यक्रमहरु, चार वटा विद्यालयहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएका छन्

३७. स्थानीय तहस्तरमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न भएको छ र यसबाट विद्यालयतहका खेल प्रतिभाहरुको पहिचान भएको छ । जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा बेसीशहर नगरपालिकाले प्रथम स्थान हासिल गरेको छ । वडास्तरीय मेयर कप फुटवल प्रतियोगिता सहजी खेलमैदानमा सम्पन्न गरिएको छ ।सहजी खेलमैदान विस्तार र स्तरोन्नतिको लागि जग्गा खरिद गरिएको छ । राष्ट्रियस्तरको खुल्ला त्रिवेणी कपको समयमा खेलमैदान व्यवस्थापन र पुरस्कारमा आवश्यक सहयोग गरिएको छ ।

३८. सर्ने रोग तथा नसर्ने रोग परिक्षणको लागि २ वटा स्वास्थ्य शिविर तथा दक्ष विशेषज्ञद्धारा एउटा निःशुल्क मानसिक स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । क्षयरोग कार्यक्रम अन्तरगत समुदायमा स्वयमसेवक परिचालन, घरदैलो खोजपडताल कार्य तथा AI मेसीनद्धारा क्षयरोग सम्वन्धी स्क्रिनिङ कार्य सम्पन्न गरिएको छ । पाठेघर मुखको क्यान्सर विरुद्धको HPV खोप

शुरुवात सगै नियमित खोपमा समावेश गरिएको र नगरपालिकाका सम्पूर्ण वडाहरु र नगरपालिकामा पुर्ण खोप सुनिश्चतता दिगोपना कायम गरिएको छ । सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक सहयोग गरिएको छ । विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (e-HMIS) कार्यको शुरुवातको लागि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण तथा स्वास्थ्य संस्थाहरुमा ल्यापटप तथा प्रिन्टर उपलब्ध गराइएको छ । विपन्न नागरिक औषधी उपचारका लागि ७१ जनालाई सिफारिस गरिएको, दिर्घ रोगीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराइएको छ । साथै जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम र PNC Home Visit कार्य सञ्चालन भईरहेको तथा बेसीशहर नगरपालिकाको स्थायी वसिन्दाले स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराए वापत पोषण खर्च उपलब्ध गराइएको छ ।

**सभाध्यक्ष महोदय ,**

३९. अव म बेसीशहर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति माग्दछु ।

४०. आ.व. २०८२/८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधारका रुपमा लिइएको छ ।

- क. नेपालको संविधान
- ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ग. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- ङ. संघीय सरकारको आ.व. २०८२।८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट
- च. प्रदेश सरकारको आ.व. २०८२।८३ को बार्षिक नीति, कार्यक्रम तथा बजेट
- छ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली, २०७७
- ज. सावर्जनिक खरिद ऐन, २०६३ र सो सम्बन्धी नियमावली
- झ. समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- ञ. दिगो विकास लक्ष्य
- ट. सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- ठ. गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)
- ड. बेसीशहर नगरपालिकाको आवधिक योजना (२०७८।७९-२०८२।८३)
- ढ. प्राकृतिक श्रोत तथा वित्त आयोगका सिफारिसहरू
- ण. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली
- त. विभिन्न संघसंस्था र नगरबासीहरुबाट प्राप्त सुझावहरु
- थ. नगरपालिकाको विगतका अनुभव, सिकाइ र हासिल भएका उपलब्धिहरू, आदि।

**उपस्थित सम्पूर्ण नगरसभासदस्यज्यूहरु !**

४१. अव म आगामी आव २०८२।८३ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका समष्टिगत नीति निम्न वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

४२. देशको सोह्रौ योजनाको सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" तथा बेसीशहर नगरपालिकाको सोच "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर" ले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्धत पुग्ने खालका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ ।

४३. कृषिको उत्पादन र उत्पादकत्व बढाउने, कृषिलाई यान्त्रिकीकरण, विविधिकरण र व्यवसायीकरणमा योगदान पुर्याउने गरी कार्य गरिनेछ ।

४४. आधारभूत स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाई नागरिकको स्वास्थ्य सम्बन्धी हकको प्रवर्द्धनमा जोड दिईनेछ ।

४५. प्रविधिको उपयोग मार्फत शिक्षण सिकाईलाई थप प्रभावकारी बनाई गुणस्तरीय शिक्षाका सवै अवयवहरुमा जोड दिईनेछ ।

४६. कृषि तथा गैर कृषिमा आधारित प्राविधिक र सीपमूलक तालिम प्रदान गरी उद्यमशिलता, रोजगारी तथा स्वरोजगारी सृजना गर्ने कार्यमा जोड दिइनेछ ।

४७. प्रकृति र संस्कृतिको सम्भावनामार्फत पर्यटन पूर्वाधारको विकास गरी पर्यटकको संख्यामा बृद्धि गर्ने तथा बसाई अवधी लम्ब्याई आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान बृद्धि गरिनेछ ।

४८. सामाजिक समावेशीकरणका सवालमा प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. आधारभूत पूर्वाधारको निर्माण, सुधार र स्तरोन्नति गरी पूर्वाधारको उपयोगमा नागरिकको पहुँच बढाइनेछ ।

५०. संघ, प्रदेश तथा स्थानीय उपभोक्ताहरुसंगको सह लगानीमा सञ्चालन हुने आयोजना तथा कार्यक्र बजेट विनियोजन गर्ने नीतिलाई निरन्तता दिइनेछ ।

५१. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु विच दोहोरोपना हुन नदिई आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।

५२. नगरबासीहरुले नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु र अन्तर्गतका निकायहरुबाट प्रविधिको उपयोग गरी छिटो छरितो र सर्वसुलभ रुपमा प्रभावकारी र गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

५३. नगरबासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालीन सोच अनुरुप नगरबासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ ।

५४. अधुरा रहेका योजना तथा कार्यक्रमहरु सम्पन्न गर्नेतर्फ ध्यान पुर्याइनेछ । नतिजामा आधारित योजना तथा कार्यक्रम अनुगमन प्रणालीको विकास गरिनेछ । उपभोक्ता समिति लगायत योजना कार्यान्वयनकर्ता निकायहरुमा सुशासन र पारदर्शिता बढाउन जोड दिइनेछ ।

५५. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका दीर्घकालीन महत्व राख्ने नगरपालिकाको क्षमताले मात्र सञ्चालन गर्न नसक्ने योजनाहरुको कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

५६. राजश्वका सम्भावनाहरुको खोजी गर्ने, दायराहरु बढाउने तथा तथ्याङ्क, राजश्व संकलन आदिमा प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनमा सुधार गरिनेछ ।

५७. विपद् तथा जलवायु परिवर्तनबाट प्रभावितहरुको उत्थानशीलतामा जोड दिइनेछ ।

५८. प्रस्तुत नीति, कार्यक्रम तथा बजेटलाई कृषिक्षेत्रको प्रवर्द्धन, आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा, प्रविधिमूलक गुणस्तरीय शिक्षा, स्वरोजगार तथा सीपमुलक कार्यक्रम र उद्यमशिलता, आधारभूत भौतिक पूर्वाधार स्तरोन्नति, प्रभावकारी सेवा प्रवाह तथा सामाजिक न्याय र समावेशीकरणका क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

**सभाध्यक्षज्यू,**

५९. अव म नगरपालिकाले आगामी आव २०८२।८३ को लागि लिएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## (क)आर्थिक विकास

### कृषिः

६०. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकिकरणका लागि *"कृषिमा यान्त्रिकीकरण, लागतमा न्यूनीकरण"* भन्ने नाराका साथ कृषिमा यान्त्रिकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ। साथै कृषिमा अत्यावश्यक रहेका कृषि औजार उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ ।

६१. "बजार विस्तार, किसानको उद्धार- मौरीपालनले ल्याउँछ सुधार", भन्ने नाराको मर्मलाई आत्मसाथ गर्दै मौरीपालनलाई प्राथमिकतामा राखि प्रवर्द्धन गरिनुका साथै नगर भित्र उत्पादन हुने महको बेसीशहरमा उत्पादन (Besishahar Local Honey) पहिचान सहितको ब्रान्डिङ, प्याकेजिङ र लेवलिङ जस्ता मुल्य श्रृङ्खला सम्बन्धी कार्य गरिनेछ ।

६२. तरकारी तथा फलफूल उत्पादन वृद्धिका लागि वडास्तरमा नर्सरी स्थापना गरी सहुलियत दरमा बेर्ना वितरण, व्यवसायिक रुपमा बजारमुखी उत्पादन प्रवर्द्धन गर्नुका साथै आवश्यक प्राविधिक सीपको व्यवस्था गरिनेछ।

६३. *"खेतमा मिहिनेत, हातमा सहुलियत"* भन्ने नाराका साथ किसानलाई प्रोत्साहन स्वरुप उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनुका साथै प्रमुख बाली वस्तुहरुको न्युनतम समर्थन मूल्यको व्यवस्था गरिनेछ ।

६४. खाद्य तथा पोषण सुरक्षाको निम्ति प्रमुख खाद्यान्न बालीहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनुका साथै स्थानीय स्तरमा नै बिउ उत्पादन कार्यमा जोड दिइनेछ ।

६५. "रासायनिक होइन प्राङ्गारिक अपनाऔं", प्राङ्गारिक मल उत्पादन तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरी दिगो कृषि प्रणाली विकासमा सहयोग गरिनेछ ।

६६. "माटो चिन्नु हाम्रो अभियान, उन्नत कृषि हाम्रो पहिचान" " भन्ने नाराका साथ बृहत रुपमा माटो परीक्षणका लागि माटो परीक्षण शिविर सञ्चालन गरिनेछ । साथै ग्रामिण क्षेत्रका किसानहरुको बालीनालिमा देखा परेका समस्याको स्थलगत रुपमा नै पहिचान र समाधानका लागि विज्ञ सहितको कृषि शिविर सञ्चालन गरिनेछ ।

६७. *"डिजिटल पहुँच, कृषकको सशक्तिकरण"* कृषि मोबाइल एप्सको विकास तथा विस्तार गरी कृषकलाई मौसम, बजार मूल्य, आधुनिक खेती प्रविधि, बालीनालिको रोगकीरा व्यवस्थापन जस्ता सूचनामा पहुँच पुर्याइनेछ ।

६८. कृषि उपजहरुको सहज ढुवानी बजारीकरण र व्यवस्थापन गर्न कृषि एम्बुलेन्सको प्रयोगलाई व्यवस्थित गरिनेछ । साथै कृषि उपजहरुको बजारीकरणका लागि कृषि उपज संकलन केन्द्र, कृषि हाटबजार र कोशेली घर मार्फत बजार व्यवस्थापनमा सहयोग गरिनेछ ।

६९. "रैथाने बाली बचाऔं, जैविक विविधता बढाऔं " भन्ने नाराका साथ रैथाने बाली संरक्षण र प्रवर्द्धन गरिनेछ।

७०. *"प्राङ्गारिक खेतीको विकास, होमस्टे पर्यटनमा विश्वास"* भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै स्थानीय उत्पादनमा आधारित होमस्टे पर्यटनलाई समन्वित रुपमा विकास गरिन्छ।"

७१. बाँदर प्रभावित क्षेत्रमा सम्भाव्यता अध्ययनको आधारमा बाँदरले कम क्षती गर्ने बाली वस्तुको खेतीमा जोड दिइनेछ ।

७२. "बाँझो जमिनको सहि उपयोग, रोजगारी र उत्पादनको नयाँ संयोग" भन्ने नाराका साथ जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै उक्त जमिनको सदुपयोग गरी उत्पादनशील बनाउन प्रोत्साहन गरिनेछ ।

### पशुपंक्षीः

७३. "पशुपन्छी, मत्स्य र नश्ल सुधार, कृषकको हातमा समृद्धिको उपहार" पशुपन्छी र मत्स्य क्षेत्र लक्षित कार्यक्रम मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा, नश्ल सुधार, युवा लक्षित कार्यक्रम गरि कृषकको आम्दानी वृद्धि गरिनेछ।

७४. "पशुपालनको विकास, आर्थिक समृद्धिको आश" भन्ने नाराका साथ व्यवस्थित, उत्पादनमुखि र नतिजाउन्मुख पशुपालनका लागि पशुपालन व्यवसाय प्रवर्द्धन तथा उत्पादन बृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

७५. विपन्न , लक्षित वर्ग लगायत सिमान्तकृत किसानहरुलाई "स्थानिय सरकार जानताको साथ" भन्ने मुल उदेश्यले विपन्न कृषक लक्षित सहयोग तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

७६. "स्वस्थ पशु, सुरक्षित समाज घुम्ति सेवा र खोप शिविर हाम्रो आवाज" घुम्ति उपचार सेवा संचालनका लागि विज्ञ सहितको पशु स्वास्थ्य शिविर र रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुरमा वन्ध्याकरण तथा खोप शिविर संचालन गरिनेछ।

७७. विभिन्न समयमा पशुपन्छीमा देखिने विपदका घटनाहरूको प्रभावकारी व्यवस्थापन गर्न विशिष्टीकृत मूल्याङ्कन सहितको विपद व्यबस्थापन तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ।

७८. पशु सेवाका नियमित उपचार, कृत्रिम गर्भाधान, आकस्मिक सेवा, खोप कार्यक्रम र प्राविधिक सहयोगहरूलाई व्यापक रूपमा विस्तार गरिनेछ।

७९. "पशुपालनमा उत्पादन वृद्धि गर्न घाँस विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८०. कृषकहरूको क्षमता अभिवृद्धिका लागि वडा स्तरमा क्षमता विकास तथा प्रबिधि प्रसार कार्यक्रम संचालन गरिनेछ।

### सिंचाईः

८१. नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ । कृषि पकेट क्षेत्रहरुमा सिंचाई सुविधा पुर्याउनेतर्फ विशेष ध्यान दिइनेछ ।

८२. मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिंदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ ।

८३. गाउँबस्तीहरुमा खोला खोल्सीहरुबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको स्तरबृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ ।

८४. वाढी पहिरोको कारण कुलोहरु अवरुद्ध भई खनेर ल्याउन कठिन हुने स्थानमा सिंचाई पाइपको लागि उपभोक्तासंगको लागत साझेदारीमा सिंचाइ पाइपहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

## पर्यटन तथा संस्कृतिः

८५. बेसीशहर नगरपालिकाको पर्यटन विकास र प्रवर्द्धनको लागि पर्यटकीय गन्तव्यहरुको पूर्वाधारको स्तरोन्नति तथा पर्यटकीय सुविधाको विस्तारमा जोड दिइनेछ ।

८६. प्रिय बेसीशहर (Beloved Besishahar) भन्ने सोचका साथ पर्यटकीय उपजहरुको विविधीकरण, पूर्वाधार निर्माण, सेवा सुविधा विकास र विस्तार,कोशेली घर सञ्चालन, प्रचार प्रसार र ब्रान्डिङ, पर्यटन सूचना केन्द्रको स्थापना जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ ।

८७. लमजुङ दरबार क्षेत्रलाई विश्व सम्पदा सुचीमा राख्नको लागि प्रदेश सरकार समेतबाट नीति तथा कार्यक्रममा समावेश भएको हुँदा बेसीशहर नगरपालिकाले यस सम्बन्धमा विशेष पहल गर्नेछ र प्रदेश सरकालाई आवश्यक सहयोग पुर्याउनेछ ।

८८. होमस्टे गाउँहरुको प्रवर्द्नमा टेवा पुग्ने खालका कार्यक्रमहरुमा जोड दिइनेछ । प्रभावकारी रुपले सञ्चालन भएका होमस्टे गाउँहरुमध्ये कम्तिमा एक होमस्टे गाउँमा पर्यटकीय पूर्वाधार आयोजनाको लागि रु. १० लाख बराबरको सहयोग उपलब्ध गराइनेछ । साथै होमस्टे गाउँहरुमा स्थानीय उत्पादन ( विशेष गरी तरकारी तथा मासु) प्रवर्द्धनको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. काउलेपानी-पुरानोकोट गढी सडकलाई बेसीशहर नगरपालिकाको ६०% र नेपाल सरकारको ४०% लागत साझेदारीमा २ वर्ष भित्रमा स्तरोन्नति सम्पन्न गरिनेछ ।पुरानोकोट गढीमा खानेपानीको उपलब्धतालाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

९०. बेसीशहर- बाँझाखेत-बराहपोखरी सम्मको सडक निर्माण कार्यलाई संघीय सरकारको समेत सहयोगमा अघि बढाइनेछ ।

९१. व्यवस्थित रुपमा सञ्चालन गर्न प्रयास गरिदै आएको बेनपा-८ स्थित कपुरिश्वर पार्कमा नीजि व्यवसायीलाई प्रवेश गराई सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिई मुख्य पर्यटकीय आकर्षणको रुपमा विकास गरिनेछ ।

९२. गाउँशहरमा पुरातत्व विभागको लगानीमा हाल लमजुङ दरबार निर्माणाधिन रहेको अवस्थामा उक्त दरबार क्षेत्रलाई प्रवर्द्धन गर्नको लागि पुरातत्व विभागसंग समन्वय गरिनेछ ।

९३. सहासिक पर्यटन तथा पदमार्गको सम्भावनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

९४. पर्यटन क्षेत्रको विकासको लागि नेपाल पर्यटन बोर्ड, उद्योग वाणिज्य संघ, ग्रामीण पर्यटन विकास समिति लगायत सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय सहकार्य गरिनेछ । साथै पर्यटन प्रवर्द्धनको लागि काम गर्न इच्छुक संघसंस्थाहरुलाई प्रस्तावनाको आधारमा सक्दो सहयोग उपलब्ध गराइनेछ ।

९५. त्रिवेणीधाम-निशानकालिका मन्दिर -सिद्धेश्वर मन्दिर-चितीतिलाहार-हिलेटक्सार-वराहपोखरी सम्मको पदयात्रा मार्गको प्रवर्द्धनको लागि पहल गरिनेछ ।

९६. बेसीशहर नगरपालिका आफैंमा लोक कला संस्कृतिको मुहान भएकोले यसलाई पर्यटनसंग जोडी लोकसंस्कृतिको प्रवर्द्धन र सांस्कृतिक पर्यटनको विकास गरिनेछ ।

९७. सबै सम्प्रदायहरुको मौलिक लोकसंस्कृति, भेषभूषा, भाषा, परम्परागत प्रयोग सामाग्री आदिको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

९८. नगरपालिका भित्र रहेका सबै समुदाय र जातजातिको मौलिक संस्कृतिको जगेर्ना गर्नको लागि आयोजना गरिने पर्व महोत्सव लगायतका कार्यक्रममा आवश्यक सहयोग गरिनेछ ।

### श्रम, रोजगारी तथा गरिबी निवारणः

९९. नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको रोजगारी, सामाजिक सुरक्षा र श्रमको हकलाई कार्यान्वयन गर्न सीप सिकौं,उत्पादन गरौं-उद्यमी बनौं भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम,उद्यमशिलता विकास तथा प्रविधि हस्तान्तरण मार्फत आन्तरिक रोजगारीमा जोड्ने अधिकतम् प्रयत्न गरिनेछ ।

१००. देशमा करिब ५७% घरपरिवारहरु वैदेशिक रोजगारीको आम्दानीमा निर्भर रहेको, काममा जानेमध्ये अधिकांश अदक्ष कामदारको रुपमा जाने गरेको हुँदा वैदेशिक रोजगार केन्द्रित तालिमहरुलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ । साथै वैदेशिक रोजगारीबाट प्राप्त भएको पूँजी, प्रविधि र सीपलाई आयआर्जन र उद्यमसंग जोडिनेछ ।

१०१. लघु उद्यम विकास कार्यक्रममार्फत उद्यमशिलता, सीप विकास तालिम र उपयुक्त प्रविधि हस्तान्तरण गरी नयाँ उद्यमी सिर्जना गरिने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । व्यवसायिक तथा सीपमूलक तालिमलाई श्रम बजार अनुकुल हुने गरी व्यवस्थापन गरिनेछ ।

१०२. पारिश्रमिक नपाई काम गर्ने महिलाहरु पुरुषहरुको तुलनामा ६ गुणा बढी रहेको स्थितिमा लघु उद्यममा आधारित महिलासंग उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०३. आगामी आ.व.मा पनि विभिन्न युवा सीपमूलक तालिम सञ्चालन गरिनेछ । यसको लागि मापदण्ड वमोजिम सहभागी छनौट कार्य गरिनेछ । विगतमा आधारभूत सीप विकास तालिम प्राप्त गरी उक्त कामलाई निरन्तरता दिइरहेकाहरुलाई केन्द्रित गरी स्तरोन्नतिको लागि इच्छुक भएका उद्यमीहरुलाई एडभान्स तालिम प्रदान गरिनेछ ।साथै तालिम प्राप्त व्यक्तिहरुको सीप परीक्षण (Skill Test) को लागि आवश्यक सहजीकरण र सहयोग पुर्याइनेछ ।

१०४. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सूचना बैंक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थापन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी र नजितामूलक तवरबाट सञ्चालन गरिनेछ ।

१०५. आप्रवासी कामदार तथा तिनीहरू परिवारको अधिकारको सुनिश्चित गर्ने सम्बन्धी आवश्यक कार्य गरिनेछ । जसको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, न्यायमा पहुँच वृद्धि गर्न, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरिनेछ ।

१०६. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूलाई प्राथमिकता दिइनेछ । वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न सहूलियत ऋण एवम् सीप तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग पनि समन्वयात्मक तवरबाट सेवा प्रवाह गरिनेछ ।

### उद्योग, व्यापार तथा व्यवसायः

१०७. सम्पूर्ण व्यवसायीक प्रतिष्ठानहरुको यथार्थ बिबरण संकलन गरी नगरपालिकाको छाताभित्र ल्याउने र व्यवसाय स्थापना तथा संचालनमा सहज वातावरण मिलाइने तथा आवश्यक सहजीकरण गरिनेछ ।

१०८. उपभोक्ता अधिकार र हक हित संरक्षणका लागि खाध्य बस्तु तथा सेवाको गुणस्तरियताको सुनिश्चितता गर्न सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्य गरी वजार अनुगमन, निरीक्षण तथा नियमनका कार्यहरुलाई निरन्तरता दिंदै थप प्रभावकारी वनाईनेछ ।

१०९. व्यवसाय सञ्चालनको लागि युवा वर्गका उद्यमी, व्यवसायी, कृषि तथा पशुजन्य व्यवसायीलाई तालिम तथा व्यवसाय संचालनका लागि सहज वातावरण मिलाईनेछ ।

११०. व्यवसाय प्रवर्द्धनका लागि सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा सेक्टरवाईज ब्यवसायी, उद्यमी तथा पेशाकर्मीहरुलाई बिभिन्न सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१११. व्यवसायीहरुको नगरपालिकासंगको अपेक्षा सम्बोधनको लागि उद्योग वाणिज्य संघ समेतसंगको सहकार्यमा कार्यक्रमहरु अघि बढाइनेछ ।

११२. नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त भएमा बेनपा-५ र ९ स्थित सितलेस्वाँरामा औद्योगिक ग्रामको लागि पूर्वाधार विकासका कार्य गरिनेछ ।

### भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवाः

११३. चालु आ.व.मा गरिने भू उपयोग वर्गिकरण प्रतिवेदनका आधारमा नगरपालिका भित्रका जग्गा जमिनहरुको उपयोग स्थितिलाई थप व्यवस्थित बनाउने कार्यको शुरुवात गरिनेछ ।

११४. सहकारी ऐन २०४८ बमोजिम स्थापित भएका सहकारीहरुलाई सहकारी ऐन २०७४ तथा बेसीशहर नगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम समयसापेक्ष वनाउन सहकारीहरुको विनियमावली पुनर्लेखन तथा सहकारीहरुको आन्तरिक नीतिनियम निर्माण गर्न सहयोग गरिनेछ ।

११५. सहकारीमा त्रैमासिक अनुगमन, सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षण अनिवार्य गरिने छ। सहकारी संस्थाहरूको पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक शासन प्रणाली प्रवर्द्धन गरिने छ।

११६. संचालनमै नरहेका, संचालन भएपनि प्रकृयागत रुपमा संचालन नभएका, समयमै लेखापरिक्षण कार्य सम्पन्न हुन नसकेका, लामो समयदेखि साधारण सभा बैठक, संचालक समितिको बैठक नबसेका सहकारी संस्थाहरुको हालसम्मको अबस्था पहिचान गर्न उच्चस्तरको छानबिन समिति गठन गरी सहकारी प्रबर्धनमा टेवा पुर्याईनेछ ।

११७. सहकारीको मूल्य, सिद्धान्त र व्यवहारिक पक्षहरूमा केन्द्रित प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। साथै लक्षित वर्ग, महिला, गरिब, दलित, अपाङ्गता भएका, सिमान्तकृत समुदाय, भूमिहीन तथा पिछडिएका वर्गको सहकारी पहुँच सुनिश्चित गरिने छ।

११८. सहकारीको संस्थागत क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउन सहकारी एकिकरणमा पहल गर्दै सहकारी शिक्षा, सहकारी व्यवस्थापन, लेखा प्रणाली, आन्तरिक नियन्त्रण र सूचना प्रवाह प्रणाली सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

## (ख)सामाजिक विकास

### स्वास्थ्य तथा पोषणः

११९. आधारभुत स्वास्थ्य सेवालाई न्यूनतम स्वास्थ्य सेवा मापदण्ड बमोजिम लागू गर्दै गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । आधारभुत र आकस्मिक सेवाको लागि औषधीहरुको बर्षभरि नै आपुर्तिको व्यवस्थाको सुनिश्चित गरिनेछ र न्यूनतम स्वास्थ्य सेवा मापदण्ड बमोजिम स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिदै लगिनेछ ।

१२०. स्वास्थ्य विमा कार्यक्रम मार्फत् सबै समुदायमा स्वास्थ्य विमा प्रवर्द्धनका लागि आवश्यक कार्य गरि सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरिनेछ ।

१२१. स्वास्थ्य सम्बन्धी सेवा र कार्यक्रमहरुको योजना र कार्यान्वयनलाई थप ब्यवस्थित बनाउन आर्थिक बर्षको शुरुवातमा सबै वडाको घरधुरी सर्वेक्षण गरिनेछ । एकिकृत सुक्ष्म योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२२. सुनौलो हजार दिनका आमाले लिने सम्पुर्ण आधारभुत स्वास्थ्य सेवाहरुको सुनिश्चित गर्दै गुणस्तरीय पूर्व-प्रसुति सेवा देखि उत्तर प्रसुति सेवा उपलब्ध गराइनेछ साथै पूर्ण संस्थागत सुत्केरी नगरपालिका वनाउन विपन्न तथा अति विपन्न वर्गका महिलाहरुलाई सुत्केरी गराउनलाई स्वास्थ्य संस्था सम्म ल्याउनको लागि नगरपालिकाको एम्बुलेन्स निशुल्क उपलब्ध गराईनेछ ।

१२३. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुदृढिकरण र स्वास्थ्य सेवा संचालनलाई आवश्यक  जनशक्ति, भौतिक पूर्वाधारको मर्मत संभार, संचार, विद्युत, पानी, औषधी, औजार तथा उपकरणहरु न्यूनतम वा मापदण्ड बमोजिम ब्यवस्था गरिनेछ ।

१२४. परिवार योजना सेवाको सर्वव्यापी पहुँच अभिबृद्धि गर्न लामो अवधि काम गर्ने परिवार योजना साधनको प्रयोगकर्ताको क्षमता अभिबृद्धि गरिनेछ र आवश्यकता अनुसार "स्वास्थ्य शिविर" संचालन गरि सेवा प्रदान गरिनेछ ।

१२५. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, दिर्घ रोग प्रभावित ब्यक्तिहरुको सम्भाव्य जोखिम न्युनिकरणको लागि प्याकेज बनाई "ज्येष्ठ नागरिक घरदैलो सेवा" कार्यक्रम संचालन गरिनेछ ।

१२६. वार्षिक रुपमा नसर्ने रोग र मानसिक समस्याको स्क्रिनिङ कार्य गरिनेछ । नसर्ने र संक्रामक सरुवा रोगहरुको ब्यवस्थापनका लागि "एकिकृत जनस्वास्थ्य निगरानी" प्रणाली लागू गरिनेछ ।

१२७. नगरवासीहरुको स्वास्थ्यलाई मध्यनजर राख्दै विभिन्न सर्ने र नसर्ने रोगहरुको विरामी दर घटाउन समुदायको स्वास्थ्य सुधारका लागि विषादी रहित खाद्य सुरक्षा तथा असल खानपान र सरसफाई सम्वन्धी पैरवी कार्यक्रम सन्चालन गरिनेछ ।

१२८. जन्मेदेखि १५ महिना सम्मका बालबालिकाहरु गर्भवती महिला र कक्षा ६मा  अध्ययनरत छात्राहरु तथा १० वर्षका किशोरिहरुलाई प्रदान गर्दै आएका खोप सेवाको निरन्तरता दिंदै पूर्ण खोप सुनिश्चतता नगरपालिकाको घोषणा गरिनेछ ।

१२९. युवासँग स्वास्थ्य सचेतना तथा दुर्व्यसनी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ र किशोरकिशोरी मैत्री स्वास्थ्य र पोषण सेवा, विद्यालय स्वास्थ्य तथा पोषण प्याकेज कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०. किशोर किशोरीमैत्री स्वास्थ्य र पोषण सेवा, विद्यालय स्वास्थ्य तथा पोषण प्याकेज कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३१. जनस्वास्थ्य प्रवर्द्धनका लागि "स्वास्थ्य जीवनयापन प्रवर्द्धन" र सुर्तीजन्य पदार्थ प्रयोगको नियन्त्रण र नियमनका लागि सचेतना तथा ऐन बमोजिम अनुगमन र कार्यान्वयन गरिनेछ ।

१३२. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको मासिक, अर्धबार्षिक, वार्षिक समिक्षा गर्ने, क्षमता अभिबृद्धि गर्दै थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१३३. विपन्न नागरिक उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३४. आयुर्वेद स्वास्थ्य सम्बन्धी सेवालाई प्रवर्द्धन गर्दै लगिनेछ । साथै आयुर्वेद स्वास्थ्य सेवालाई पोषण कार्यक्रमसंग जोडेर लगिनेछ ।

१३५. प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना रुग्णता (आङ्ग खस्ने, फिस्टुला) पाठेघर मुखको क्यान्सर, स्क्रिनिङ्ग लगायतका प्रजनन् स्वास्थ्य सम्बन्धी सेवालाई संस्थागत र घुम्ति शिविर मार्फत् प्रदान गरिनेछ ।

१३६. प्रदेश अस्पताल लमजुङसँगको समन्वयमा नियमित खोप, परिवार नियोजन, मातृशिशु, स्वास्थ्य सेवा, पोषण सेवा, क्षयरोग, एच.आइ.भि. सेवा एकद्धार संकट व्यवस्थापन केन्द्र डाइलासिस सेवा लगायतको जनस्वास्थ्य सेवामा समन्वय र साझेदारीमा कार्यसञ्चालन गरिनेछ ।

१३७. लमजुङ जिल्ला अस्पतालको भवन निर्माण र सेवा विस्तारको लागि प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।

१३८. "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका मापदण्ड भित्र पर्ने विरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको लागि नगरपालिकाबाट आवश्यक सहजीकरण गरिनेछ ।

१३९. नेपाल सरकारको निरोगी नेपाल अभियान अन्तर्गत आफ्नो स्वास्थ्य आफ्नै दायित्व स्वरुप सन्तुलित आहार, योग, शारिरीक व्यायाम, व्यक्तिगत सरसफाईलाई समेत जोड दिनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिने कार्यमा आयुर्वेद स्वास्थ्य संस्था समेत परिचालित गरिनेछ ।

१४०. मानसिक स्वास्थ्य समस्याको न्यूनीकरणको लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति २०७९ वमोजिम कार्य गरिनेछ ।

१४१. कुपोषणको न्युनीकरणका लागि राष्ट्रिय योजना आयोगले तयार पारेको बहुक्षेत्रीय पोषण योजना- तेश्रो(२०८०/८१-२०८७/८८) को लक्ष्य मुताविक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ ।

१४२. स्वास्थ्य तथा पोषण सेवालाई प्रभावकारी बनाउन पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

१४३. अस्पतालहरु लगायतका स्वास्थ्य संस्थाहरुवाट निस्केको फोरमैलाहरुको व्यवस्थापन प्रक्रियामा सुदृढीकरण गरिदै लागिनेछ ।

१४४. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, सामुदायिक स्वास्थ्य सचेतना तथा पैरवी कार्यक्रमलाई नियमित कार्यक्रमको रुपमा संचालन गरिनेछ ।

१४५. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (e-HMIS) लाई परिष्कृत गर्दै एकीकृत स्वास्थ्य व्यवस्थापन, रोग निगरानी र अनुगमन प्रणालीबीच अन्तरआवद्धताका साथै एस सूचना प्रणाली विस्तार .एस.एम.एस गरिनेछ।

## शिक्षा,भाषा,कला तथा साहित्य

१४६. गत आ. व. देखि "हाम्रो समुदायको विद्यालय हाम्रो प्रतिष्ठा र पहिचान, सुधारका लागि चलाऔं अभियान" भन्ने मूल नाराका साथ विद्यालयहरुको शैक्षिक र प्रशासनिक व्यवस्थापन सुधार गर्दै भौतिक, शैक्षिक, शिक्षण सिकाइयुक्त बालमैत्री नमूना विद्यालयमा रुपान्तरणका लागि योजना बनाइ कार्यान्वियन गरिने नीति लिइएकोले यसलाई निरन्तरता दिइनेछ ।

१४७. संघीय विशेष अनुदानतर्फ प्राप्त बजेटबाट प्रविधिमैत्री कक्षा शिक्षण सिकाई र अनुगमन सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. कम्तिमा एक विद्यालय एक बालबिकास केन्द्रको अवधारणा लिइ वालबालिकाहरुको संख्या न्यून भएका समुदायमा आधारित बालबिकास केन्द्रहरुलाई पुनर्बितरण गरिनेछ ।प्रारम्भिक बालबिकासको कक्षामा निर्धारित मापदण्ड अनुसार बसाइ व्यवस्था र सरसफाईलाई ध्यानदिइ खेल सामाग्री, मनोरञ्जन सामाग्री, अडियो भिजुवल सामाग्री सहित आकर्षक मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।

१४९. अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन गरिनेछ । बिपन्न जेहन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्ने र बालबालिकाहरुको सृजनात्मक क्षमतालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

१५०. विद्यालय शिक्षामा गुणस्तर कायम गर्नका लागि पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयहरुमा प्रयोगशाला, पुस्तकालय तथा सिकाइ कुनाको ब्यवस्था गरिनेछ ।शिक्षण सिकाईलाई आधुनिक प्रविधिमैत्री बनाउनका लागि विद्यालयहरुमा इन्टरनेट, ल्यापटप, प्रोजेक्टर स्क्रिन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । बिद्यालयहरुमा डिजिटल शैक्षिक सामग्रीहरु व्यवस्थापनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन्

१५१. सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विषयगत शिक्षक समूहका क्रियाकलाप मार्फत सिकाई उपलब्धी सुधार गर्नका लागि परिचालन गरिनेछ ।

१५२. आधारभूत तहको कक्षा ८ मा सञ्चालन हुँदै आएको नगरपालिकास्तरीय परीक्षालाई ब्यवस्थित गरिनेछ । कक्षा ४ देखि कक्षा ९ सम्म विद्यालयस्तरमा सञ्चालन हुँदै आएको बार्षिक परीक्षालाई पनि नगरपालिका भरमा एकरुपता कायम गरि सञ्चालन गर्न प्रबन्ध मिलाइनेछ । विद्यार्थी उपलब्धिको नतिजालाई आधारमानि शिक्षक र विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

१५३. साधारण एवम् प्राविधिक धारका कक्षा सञ्चालन गर्ने माध्यमिक विद्यालयहरुको संरचनात्मक विकास र नियमन कार्यलाई प्राथमिकतामा राखिनेछ भने अन्य विद्यालयहरुको नियमन प्रणालीमा सुधार गरिनेछ ।

१५४. स्थानीय स्तरमा गठन भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम (TVET) सञ्जाललाई क्रियाशील बनाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यक्रमहरु सञ्चालन गरिनेछन् भने प्राविधिक धारका विद्यालयहरुमा विद्यालय स्तरीय "प्राविधिक धार गुणस्तर अभिबृद्धि समिति" गठन गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१५५. बेसीशहर नगरपालिकाले निर्माणगरि शैक्षिक सत्र २०८० देखि लागू गरेको कक्षा १—८ को स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्यपुस्तक निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१५६. विद्यालयका प्रधानाध्यापकलाई शैक्षिक र प्रशासनिक तवरले बलियो बनाउने उद्देश्यका साथ विद्यालय सुशासन र शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको समयानुकूल गतिशील बहुआयामिक भूमिका र प्रशासनिक व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग क्षमता अभिबृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१५७. पाठ्यक्रम कार्यान्वयन र शिक्षणमा आइ. सि. टी. को प्रयोगका लागि शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१५८. नमूना सामुदायिक विद्यालय विकासका लागि कार्यक्रमहरु सञ्चालन गरी सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको भर्नादर बृद्धि गरिनेछ ।

१५९. विद्यालयहरुको व्यवस्थापन सुधारका लागि विद्यालय व्यस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।वालवालिकाहरुको सर्वाङ्गिण विकासमका लागि अभिभावकहरुको भूमिका सम्बन्धमा सचेतना फैलाउन अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६०. विद्यालयहरुका बालबालिकाहरुका लागि स्थानीय स्वास्थ्य संस्थामा आधारित स्वास्थ्य परिक्षण र उपचार कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१६१. विद्यालयका शिक्षकहरुलाई विद्यार्थी मनोसामाजिक परामर्श प्रदान गर्न क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१६२. सामुदायिक सिकाइ केन्द्रहरुलाइ निरन्तर शिक्षा लगायत शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि सक्रिय रुपले परिचालन गरिनेछ । न्यून साक्षरता भएका वडाहरुमा निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरि युवाहरु र वयस्कहरुका लागि सिकाइका अवसरहरु प्रदान गरिनेछन् ।

१६३. गण्डकी प्रदेश सरकारले निर्धारण गरेको विद्यालयको स्तर निर्धारण मापदण्ड अनुसार संस्थागत विद्यालयहरुको स्तर निर्धारणगरि विद्यार्थीहरुबाट लिन पाउने अधिकतम् शुल्कको सिमा निर्धारण गरिनेछ ।

१६४. सक्रिय सिकाइका लागि स्वस्थ शरिर हुनुपर्छ जसका लागि विद्यालय तहदेखि नै खेलकुद, स्काउट र योगाभ्यासका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।विद्यालयहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि उपयोगी समग्रीहरु व्यवस्थापनका कार्यक्रमहरु राखिनेछन् ।

१६५. बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको पारिश्रमिकमा यथोचित मात्रामा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

१६६. "शिक्षक दरबन्दी मिलान मापदण्ड २०८१" को आधारमा नगरपालिका स्तरमा शिक्षक दरबन्दी मिलानको कार्यक्रम सञ्चालन गरिनेछ ।

१६७. सामुदायिक र संस्थागत विद्यालयहरु बिच गुणस्तर बिकास र असल अभ्यासको आदान प्रदानको लागि साझेदारी गरिनेछ ।

१६८. कला साहित्यको प्रवर्द्धनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । लोककला र साहित्यका स्थापित सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीति लाई निरन्तरता दिइनेछ ।

१६९. आदिबासी जनजाति लगायत विभिन्न समुदायको रैथाने भाषा, संस्कृति, प्रथा तथा परम्परागत ज्ञान सीपको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्य गरिनेछ ।

## युवा, खेलकुँद तथा नवप्रवर्तनः

१७०. "सबैका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुँद" भन्ने अभियानका साथ खेलकुँद सम्बन्धी प्रतियोगिता सञ्चालनका लागि स्थानीय खेलकुद सम्बन्धी संघ/संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

१७१. नगर खेलकुँद समितिद्वारा विगतमा सञ्चालन हुँदै आएको मेयर कप फुटवल प्रतियोगतालाई बेसीशहर नगरकप खेलकुँद प्रतियोगतामा रुपान्तरण गरी यस खेलकुँद प्रतियोगितामा फुटबल, भलिवल लगायत अन्य खेलहरु समेत समावेश गरी सञ्चालन गरिनेछ ।

१७२. स्थानीय तहस्तरमा सञ्चालन हुँदै आएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाई जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा उत्कृष्ठ स्थान प्राप्त गर्ने वातावरणका लागि विद्यालयहरु र खेलाडीहरुःलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु राखिनेछन्

१७३. सहजी फूटबल खेल मैदानलाई सहजी रङ्गशालाको रुपमा परिणत गर्नेगरी पूर्वाधार विकासका लागि पहल गरिनेछ । राष्ट्रव्यापी खुल्ला त्रिवेणी कप फुटवल प्रतियोगितामा सहयोग गरिनेछ ।

१७४. खेल मैदान निर्माणका लागि सम्बद्ध निकायहरुसँग साझेदारीमा खेलमैदान निर्माण तथा सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१७५. शासकीय प्रकृयामा युवाहरुको सहभागिता बृद्धि गर्ने, युवाहरुलाई सीपमूलक तालिम प्रदान गर्ने, युवाद्धारा सञ्चालित उद्यम व्यवसायमा सहयोग गर्ने, सामाजिक कुरीती विभेद र बिसङ्गति विरुद्ध युवा परिचालन गर्ने नीति लिइनेछ ।

१७६. युवा लक्षित कार्यक्रमहरुमा नगर युवा परिषदलाई परिचालन गरिनेछ । नगरपालिकास्तरमा तथा वडाहरुमा युवा शसक्तिकरण र युवा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१७७. युवामैत्री नगरपालिकाको लागि रणनीतिक योजना निर्माण, युवा उद्यमी तथा नयाँ प्रतिभा सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## सामाजिक समावेशीकरणः

१७८. विशेष संरक्षणको आवश्यकता भएका नागरिकको सवलीकरण, सशक्तीकरण र विकासका लागि समुदायमा विद्यमान सामाजिक, राजनीतिक,आर्थिक र सांस्कृतिक अवरोधलाई हटाउँदै स्वास्थ्य, शिक्षा, आवास, सीप विकास र रोजगारीका अवसर तथा श्रोतसाधनमाथिको पहुँच बृद्धि गर्दै सामाजिक न्याय स्थापनामा जोड दिइनेछ ।

१७९. कार्यालय लगायत सार्वजनिक स्थल र सामाजिक सञ्जालमा कुनै पनि व्यक्तिबाट प्रदर्शन गरिने बोली व्यवहार, लेखाई, भाषाशैली, आनीबानी तथा आचरणहरु प्रति सम्वेदनशील भई लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री तथा दलितमैत्री बनाउने व्यवस्थाका लागि आवश्यक सचेतनामूलक कार्य गरिनेछ ।

१८०. दिगो विकास लक्ष्यमा "कसैलाई पनि पछाडि नछोडौं" भन्ने सोच अनुरुप महिला तथा वञ्चितीकरणमा परेका समुहहरुलाई मूलप्रवाहीकरण गर्न, अर्थपूर्ण सहभागिता सुनिश्चित गराउन, आर्थिक र सामाजिक सशक्तिकरण गर्न, आधारभूत सेवाहरुमा पहुँच अभिबृद्धि गर्न तथा यस क्षेत्रमा आपसी समन्वय र सहकार्य गर्न देहायको क्षेत्रहरुमा देहाय अनुसारका नीति अवलम्बन गरिनेछ ।

### महिला सम्बन्धी

१८१. बेसीशहर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ को समीक्षा गरी अद्यावधिक नयाँ सामाजिक समावेशीकरण रणनीति निर्माण गरिनेछ ।

१८२. लैङ्गिक समानता कायम गर्न, सामाजिक न्याय स्थापित गर्न, महिलाहरुलाई समग्र विकासको मूल प्रवाहमा ल्याउन, लैङ्गिकतामा आधारित हिंसा, शोषण र विभेद अन्त्य गर्न, नीति, योजना, कार्यक्रम र क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा नेतृत्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, सकारात्मक विभेदको नीति कार्यान्वयन गर्न, नविनतम् अवधारणा र प्रविधिको प्रयोगमा अभिबृद्धि गर्न आवश्यक कार्य गरिनुको साथै अन्य निकायहरुसंग समेत समन्वय र सहकार्य गरिनेछ ।

१८३. लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई आत्मसात गर्दै समग्र महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण हुने गरी क्षमता विकास लगायत विभिन्न सीपमूलक, स्वरोजगारमूक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८४. महिला माथि हुने लैंगिक तथा घरेलु हिंसा र कुप्रथाको विरुद्धमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिलामाथि हुने हिंसाजन्य घटनाहरुलाई कानूनी दायरामा ल्याउनको लागि प्रेरित गरिनेछ।साथै हिंसा पीडित महिलाहरुको लागि स्थापना गरिएको अल्पकालिन आश्रयस्थल सञ्चालन र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

१८५. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई लक्षित गरी महिला हिंसा न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसै गरी अन्तर्राष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रमहरुका साथ मनाइनेछ । साथै विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका उत्कृष्ठ महिला तथा महिला/आमा समुहहरु छनौट गरी सम्मान गरिनेछ ।

१८६. गठन गरिएका वडा तथा नगरस्तरीय महिला सञ्जालहरुको संस्थागत विकासको लागि सहयोग पुर्याइनेछ । साथै महिला सम्बन्धी कार्यक्रमहरु वडास्तरीय र नगरस्तरीय महिला सञ्जाल मार्फत छनौट र कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । स्थानीयस्तरका विकास निर्माण र अभियानमूलक कार्यहरुमा आमा समुह, वडा एवम् नगरस्तरीय महिला सञ्जाल परिचालन गरिनेछ ।

१८७. जुनसुकै क्षेत्रबाट सीपमूलक/आयमूलक कार्यक्रमहरु सञ्चालन गर्दा महिलाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ । महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ । उद्यम/व्यवसाय स्थापना र सञ्चालन गर्दा महिलाहरुलाई विशेष छुट र सहुलियत प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१८८. महिलाहरुमा देखा पर्ने स्वास्थ्य समस्याहरुलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१८९. लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यलाई कार्यान्वयनमा ल्याइनेछ ।

### अपांगता सम्बन्धी

१९०. अपाङ्गता भएका व्यक्तिहरुको कानूनी अधिकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता बारे सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अपांगता भएका व्यक्तिहरुले कानून वमोजिम पाउनु पर्ने सेवासुविधा, छुट र सहुलियतको कार्यान्वयन सम्बन्धमा अन्य निकायहरुसंग समेत समन्वय गरी नियमन र वहशपैरवी गरिनेछ । साथै अपाङ्ता भएका व्यक्तिहरुले व्यहोर्नु परेका अवरोधहरुलाई हटाउन मद्दत पुग्ने खालका कार्यहरुलाई प्राथमिकतामा राखिनेछ ।

१९१. अपाङ्गता भएका व्यक्तिहरुको नगरस्तरीय सञ्जाललाई आवश्यक सहयोग पुर्याइनेछ । अपांगता भएका व्यक्तिहरुको पहिचान र सामाजिक सुरक्षाका लागि परिचय पत्र उपलब्ध गराउने तथा परिचय पत्र नविकरण गर्ने कार्य नियमित रुपमा गरिनेछ । मध्यम प्रकारको अपांगता परिचय पत्र (ग बर्ग) प्राप्त गरेका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा गराउने र सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९२. नगरपालिका भित्र बसोबास गर्ने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको यस वर्ष संकलन गर्न थालिएको तथ्याङ्कलाई प्रकाशन गरिनेछ । साथै अपांगता भएका व्यक्तिहरुलाई आवश्यकता पहिचान सहित सहायक सामाग्रीहरु दोहोरोपना नहुने गरी उपलब्ध गराइनेछ ।

१९३. अपाङ्ता भएका ब्यक्तिहरुको नगरस्तरीय सञ्जालसंगको समन्वयमा अपांगता भएका व्यक्तिहरु र नीजहरुको अभिभावक तथा परिवार लाभान्वित हुने गरी सामाजिक र आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन गर्दा वा संस्थागत व्यवस्थामा सवै प्रकारका अपाङ्ता भएका व्यक्तिहरुको सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।

१९४. नगरपालिकाबाट जारी हुने सवै प्रकारका सूचना, सन्देश, गतिविधि तथा कार्यक्रम सम्बन्धी विषयहरुमा सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको डिजिटल पहुँच बृद्धि गर्न आवश्यक सहयोग गरिनेछ ।

१९५. नगरपालिका वा अन्तर्गतका कार्यालयहरुबाट सवै प्रकारका सेवा प्रवाह गर्दा तथा जनशक्ति व्यवस्थापन गर्दा अपांगता भएका व्यक्ति वा नीजको परिवारका सदस्यहरुलाई विशेष प्राथमकितामा राखिनेछ ।

१९६. अपाङ्गता भएका व्यक्तिहरुको लागि खेल तथा अन्य क्षेत्रमा उपयुक्त प्रतियोगिता सञ्चालन गरिनेछ ।

### बालबालिका सम्बन्धीः

१९७. बालबालिकाहरुलाई आवश्यक पर्ने पूर्ण खोप, पोषण, खेलमैदान र खेलकुँद सामाग्रीहरुको उपलब्धता, बालमैत्री कक्षा कोठा र सिकाई, स्वच्छ पिउने पानी, आधारभूत शिक्षाको पूर्ण सुनिश्चतता, अनिवार्य जन्मदर्ता, व्यवहारिक तथा नैतिक शिक्षा, बालश्रम, बाल विवाह र विभेद/शोषणको अन्त्य, विभिन्न खाले जोखिमबाट संरक्षण, सहभागिता लगायत बाल संरक्षण र विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै बालबालिकाहरु बढी उत्प्रेरित हुने तथा जीवनोपयोगी सीपक्षमता बढाउने खालका अतिरिक्त कक्षा तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ ।

१९८. बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि बालबालिकाहरुको सर्वोत्तम हीत र चौतर्फि विकास हुने गरी तय गरिएको बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन र विस्तार सम्बन्धी कार्यलाई निरन्तरता दिइनेछ। साथै निकट भविष्यमा बेसीशहर नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने लक्ष्य अनुरुप आगामी आर्थिक वर्षमा बालमैत्री वडा घोषणा हुन बाँकी रहेका ५ वटै वडाहरुलाई बालमैत्री स्थानीय शासनयुक्त वडाको रुपमा घोषणा गरिनेछ । यस अघि बालमैत्री वडा घोषणा भै सकेका वडाहरुको दिगोपनाको सुष्म अनुगमन गरी देखिएका समस्या समाधानको लागि आवश्यक कार्यहरु गरिनेछ ।

१९९. बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक लगायत सर्वाङ्गीण विकास र हीतका लागि आवश्यक कार्य गर्न कानून वमोजिम गठन भएका संस्थागत संरचनाहरु नगर बाल अधिकार समिति, वडा बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समितिहरुलाई थप क्रियाशिल र प्रभावकारी बनाइनेछ । साथै समुदायस्तरीय बाल क्लवहरु गठन तथा पुनर्गठन कार्य निरन्तर गरिनेछ । नगरस्तरीय तथा वडास्तरीय बाल सञ्जालहरुको संस्थागत विकासमा सहयोग गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

२००. वार्षिक योजना तर्जुमा प्रक्रियामा गरिने बालभेला वडास्तरीय तथा नगरस्तरीय बालभेलालाई निरन्तरता दिइनेछ साथै बालभेलाबाट प्राथमिकतामा परेका आयोजना तथा कार्यक्रमहरुको विभिन्न क्षेत्रबाट कार्यान्वयन गर्न विशेष पहल गरिनेछ । विद्यालयहरुमा अध्ययनरत छात्रा तथा किशोरीहरुलाई लक्षित गरी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । सञ्चालन हुँदै आएको बाल गृहहरुलाई आवश्यक सहयोग गरिनेछ ।

२०१. विभिन्न कारणले कठिन परिस्थितिमा रहेका विपन्न, असहाय तथा अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण र विकासको लागि आवश्यक कार्य गरिनेछ । यस कार्यलाई थप व्यवस्थित गर्न नगर बालकोषलाई सञ्चालनमा ल्याइनेछ । बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।साथै बालबालिकाहरुलाई कुलतमा लाग्नबाट रोक्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

### ज्येष्ठ नागरिक सम्बन्धीः

२०२. जेष्ठ नागरिकहरुसंग रहेका ज्ञान, सीप र अनुभवलाई सामाजिक हीतमा उपयोग गरिने व्यवस्था मिलाइनेछ । ज्येष्ठ नागरिकहरुले पाउनु पर्ने सेवा सुविधा तथा छुट सहुलियतको बारेमा वहश, पैरवी गर्ने कार्यमा आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

२०३. ६० बर्ष माथिका एकल पुरुष जेष्ठनागरिक हरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । वडा तथा नगरपालिकास्तरमा गठन गरिएका ज्येष्ठ नागरिक मञ्चहरुको संस्थागत विकास र सवलीकरणमा आवश्यक सहयोग पुर्याइनेछ । जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२०४. विगतदेखि सञ्चालन गर्दै आइएको जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथसाथै घरमा आफ्ना जेष्ठ नागरिक अभिभावकको निस्वार्थ सेवामा समर्पित हुने घरपरिवारका हेरचाहकर्ताहरुलाई विभिन्न सूचकहरुको आधारमा छनौट गरी सम्मान गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

२०५. जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु मार्फत स्वास्थ्य परिक्षण सहितको घरदैलो स्वास्थ्यसेवा उपलब्ध गराइनेछ ।जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्था तथा समुदायलाई आवश्यक सहयोग गरिनेछ । साथै ज्येष्ठ नागरिकहरुको तीर्थाटनको लागि बजेटको विनियोजन गरिनेछ ।

२०६. ज्येष्ठ नागरिक र अपाङ्गता परिचय पत्र डिजिटल माध्यमबाट उपलब्ध गराइनेछ ।

### दलित तथा पछाडि पारिएको वर्ग

२०७. दलित समुदायले भोग्नु परेका छुवाछुत, जातिय विभेद र शोषणलाई उन्मुलन गर्न मद्धत पुग्ने खालका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपन्न दलितहरुको जिविकोपार्जन सशक्तिकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित समुदायका युवाहरुलाई आधुनिक सीपमूलक तालिमहरु उपलब्ध गराई नयाँ पेशा र व्यवसायमा जोड्ने प्रयास गरिनेछ । आगामी वर्ष जातिय विभेद उन्मुलन सम्बन्धी बृत्त चित्र निर्माण कार्य सम्पन्न गरिनेछ ।

२०८. जनजाति लगायत अन्य जातजातिहहरुको रैथाने भाषा, संस्कृति, प्रथा, परामपरागत ज्ञान र सीपको संरक्षण र प्रवर्द्धनका लागि मागमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।चेपाङ लगायत पछाडि परेका जातजाति र समुदायको उत्थान र विकासको लागि आवश्यक सहयोग गरिनेछ । नगरपालिकामा रहेको मानव सेवा आश्रमलाई आवश्यक सहयोग पुर्याइनेछ ।

### सामाजिक सुरक्षा तथा पञ्जिकरणः

२०९. सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई ३५ दिन भित्रै गर्ने दरलाई सत प्रतिशत तर्फ लैजाने र ५ वर्ष सम्म सबैको जन्मदर्ता हुनुपर्ने व्यवस्था पूर्ण कार्यान्वयन गरिनेछ।

२१०. कानुनी विवाद तथा समस्याहरुको चाडो र प्रभावकारी समाधानको संयन्त्रको विकास गरि गुनासो सुनुवाई प्रणालीलाई व्यवस्थित गर्दै हाल प्रचलनमा आएको VERSP-MIS प्रणालीबाट स्थानीय तह, वडा कार्यालयहरु र विभागमा गरिने पत्राचारको पोर्टलको समय सापेक्ष सुधार सहित प्रभावकारी संचालनलाई अनिवार्य गराइनेछ।

२११. Electronic Fund Transfer (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता सोझै सेवाग्राहीको खातामा भुक्तानी दिने प्रणालीलाइ निरन्तरता दिइनेछ।

२१२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको हरेक महिना नयाँ नाम दर्ता, लगत कट्टा, परिचयपत्र वितरण गरिनेछ।

२१३. राष्ट्रिय परिचय पत्रमा आधारित विधुतिय भुक्तानि प्रणालि सहितको जनमुखी सामाजिक सुरक्षा भत्ता वितरणको नीति अवलम्वन गरिने छ ।

२१४. सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान गर्नका लागि "कोही नछुटुन, कोही नदोहोरिउन" भन्ने नारा लाई मुख्य उद्देश्य बनाई सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित र प्रभावकारी तरिकाले वितरण गर्दै लगिने छ ।

२१५. ATM, SMS Banking, Mobile Banking लगायत विधुतीय माध्यमको प्रयोग विस्तार गरि भिडभाड व्यवस्थापन सहित नसक्ने हरुको हकमा घरदैलो कार्यक्रम मार्फत भत्ता वितरण तथा व्यस्थापनमा प्रभावकारिता अभिबृद्धि गरिनेछ ।

२१६. अनलाईन विधुतीय राष्ट्रिय परिचयपत्रमा आधारित एम आइ एस प्रणाली मार्फत व्यवस्थित घटना दर्ता प्रणाली विकासको नीति अवलम्वन गरिनेछ । सबै नगरवासीहरुको राष्ट्रिय परिचयपत्र व्यवस्थापनका लागि जिल्ला प्रशासन तथा राष्ट्रिय परिचयपत्र विभागसँग समन्वय गरि अनिवार्य परिचयपत्र लागू गराउनुका साथै १६ वर्ष मुनीका हरुको जन्मदर्तामा परिचयपत्र सृजना हुने व्यवस्थाको अनिवार्य पालना गराई निरन्तरता दिइनेछ।

### खानेपानी तथा सरसफाईः

२१७. सबै नगरबासीलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्न तथा सबै खानेपानीको श्रोतलाई मानव निर्मित फोहरबाट अलग राखी श्रोतको संरक्षण गर्ने कार्यमा खानेपानी उपभोक्ता समितिहरुलाई परिचालन गरिनेछ ।

२१८. सवै घरधुरीहरुमा एक घर एक धारा कार्यक्रम पुर्याउने लक्ष्यका साथ खानेपानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१९. उपभोक्ताहरुले उपभोग गरिरहेको खानेपानीको शुद्दीकरण परीक्षणको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

२२०. "दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार" भन्ने नारालाई सफल पार्न अधिकतम प्रयास गरिनेछ ।

२२१. जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको मर्मत तथा सुधार विस्तार गर्दै लगिनेछ । साथै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ ।

२२२. ठूला प्रकृतिका खानेपानी आयोजनाहरु संघ र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिने तथा ठूला आयोजनाहरुको लागि संघ र प्रदेशमा सिफारिश गरिनेछ ।

२२३. पिउने पानीको शुद्धिकरणको लागि कम्तिमा एक घर एक फिल्टर जडान गरी पानीजन्य संक्रमणबाट बच्न सचेतना कार्यक्रम गराइनेछ ।

२२४. खानेपानी उपभोक्ताहरुको नगरपालिकास्तरीय सञ्जाल तयार गरी खानेपानीसंग सम्वन्धित सूचना तथा माग संकलन तथा खानेपानी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

२२५. सवै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा युवा क्लव तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

२२६. खानेपानी उपभोक्ता समितिहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२७. नगरभित्रका प्रत्येक वडाहरुमा सरसफाई सम्बन्धी वडास्तरीय अभिमुखीकरण सञ्चालन गरिनेछ ।

२२८. नगरपालिकास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई क्रियाशिल बनाइनेछ ।

### (ग)पूर्वाधार विकास

**सडक, पुल तथा यातायातः**

२२९. सडक यातायात नगरपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र रहेको तथा सामाजिक र आर्थिक विकासमा सडकले महत्वपुर्ण योगदान पुर्याउने भएकोले आगामी आर्थिक बर्षमा पनि सडक स्तरोन्नति तथा मर्मत सम्भार कार्यलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२३०. नगरपालिकाको केन्द्रबाट सवै वडा कार्यालयहरुसम्मको सडक बाह्रै महिना २४ सै घण्टा सुचारु गरिनेछ । साथै एम्बुलेन्स जान सक्ने अन्य सडकहरुलाई पनि मर्मत सम्भार गरी सञ्चालनमा ल्याइनेछ ।

२३१. नगर यातायात गुरुयोजना (MTMP) वमोजिम सडकहरुको स्तरबृद्धि गरिनेछ । नगरपालिकामा उपलब्ध हुने बजेटबाट सडक कालोपत्रे गर्न कठिन भएपनि मोड सुधार, नाली निर्माण, टेवा पर्खाल निर्माण, सोलिङ, जस्ता कार्यहरु सम्पन्न गरिनेछ ।

२३२. समपुरक अनुदान अन्तर्गत संघीय सरकार र नगरपालिकाको क्रमशः ४०/६० प्रतिशत लागत साझेदारीमा आगामी आ.व. मा चण्डी-काउलेपानी-पुरानोकोट गढी सडकको स्तरोन्नति गरिनेछ । प्रदेश सरकार र नगरपालिकाको समपुरक अनुदानबाट ग्रामीण पर्यटकीय गाउँ खासुरसम्मको सडक स्तरोन्नति गरिनेछ ।

२३३. सशर्ततर्फ प्राप्त भएका सडक आयोजनाहरुको समयमै कार्यान्वियन गर्ने व्यवस्था मिलाइ स्तरोन्नति गरिनेछ ।

२३४. संघीय र प्रदेश सरकारबाट नपरेका तथा संघीय तथा प्रदेश सशर्त/समपुरकमा नपरेका मुख्य प्राथमिकताका सडकहरुमा नगरपालिकाबाट यथासक्य बजेट विनियोजन गरिनेछ ।

२३५. बजार तथा बजारोन्मुख क्षेत्रमा नगरपालिकाको ६०% र स्थानीय समुदायको ४०% लागत साझेदारीमा निर्माण भएका सडकहरुको मर्मत सम्भार गरिनेछ ।

२३६. बर्षाको समयमा आउने भल, बाढी पहिरोबाट सडक क्षतिग्रस्त हुने हुँदा सडक मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरी बर्षाको कारणले क्षति हुने सडकहरु मनसुन लगतै मर्मत सम्भार कार्य गरिनेछ ।

२३७. सडक बोर्डतर्फबाट प्राप्त हुने सडक मर्मत सम्भार तथा स्तरोन्नतिको लागि सडक समपुरक कोषमा ३०% रकम विनियोजन गरी सडकहरुको मर्मत सम्भार र स्तरबृद्धि गरिनेछ ।

२३८. घर तथा अन्य संरचना निर्माण गर्दा सडक मापदण्डको पालना गरे नगरेको नियमन गरिनेछ । यदि कहीं कसैले सडक मापदण्ड मिच्न खोजेमा तुरुन्त कारबाहीको दायरामा ल्याइनेछ ।

### भवन,आवास तथा बस्ती विकासः

२३९. आगामी आर्थिक वर्षबाट शहरी विकास मन्त्रालय अन्तर्गत परेको सघन शहरी विकास आयोजनाबाट सहजी बसपार्क लगायतका केही ठूला प्रकृतिका आयोजनाहरु सञ्चालन गर्ने गरी शहरी पूर्वाधार विकासको कार्य अघि बढाइनेछ । साथै एकिकृत शहरी पूर्वाधार विकासको अवधारणा अनुरुप गरिने कार्यहरुको लागि सबै सरोकारवाला निकायहरु बिच आपसी सहकार्य र तालमेल मिलाउनको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

२४०. नगरपालिकाको प्रशासनिक भवन र आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्य तथा स्वास्थ्य संस्था भवन निर्माणलाई प्राथमिकता दिइनेछ | आगामी आर्थिक वर्षमा वडा नं ३ र १० को वडा कार्यालय निर्माण कार्य सम्पन्न हुनेछ भने २ वटा शहरी स्वास्थ्य केन्द्र (भकुण्डे र रामचोकबेसी) भवन निर्माण सम्पन्न गरिनेछ । चण्डीस्थान स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिनेछ ।

२४१. संघीय सरकारसंगको सहयोगमा बेसीशहर ७ मा अवस्थित कभर्ड हललाई स्तरोन्नति गरिनेछ ।

२४२. बेसीशहर बजार क्षेत्रको व्यवस्थापनको सन्दर्भमा बजार क्षेत्रको सडकमा जाम हुन नदिने, फुटपाथको ब्यवस्थापन गर्ने, पार्किङ ब्यवस्थापन मिलाउने, यस अघि भएका वजार ब्यवस्थापनका कार्यक्रमहरुलाई निरन्तरता दिने, नाली सरसफाई, स्ल्याव मर्मत तथा पुराना विद्युत पोल हटाई तार हटाउने, वजार क्षेत्रमा कार्यालय समयमा ठूला मालबाहक सवारी साधन प्रवेश गर्न नदिने जस्ता कार्यहरु गरिनेछ ।

२४३. सुरक्षित बसोबास र व्यवस्थित बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । प्राविधिक हिसावले सुरक्षित एवम् उपयुक्त, आर्थिक दृष्टिले सम्भाव्य तथा वातावरणीय दृष्टिले सन्तुलित बस्ती विकास र भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

२४४. उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, टोल विकास संस्था, स्थानीय प्रशासन, युवा क्लव जस्ता सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा गरिनेछ ।

२४५. सुरक्षित नागरिक आवास सहयोग कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । समुदायमा रहेका सामुदायिक भवनहरुलाई बहुउद्देश्यीय बनाउनेतर्फ ध्यान दिइनेछ । डिजिटल माध्यमबाट सामुदायिक भवन लगायतका संरचनाहरुको अवस्थाको बारेमा अभिलेखीकरण गरिनेछ ।

२४६. बजारोन्मुख तथा बस्ती बस्ने सम्भावना भएका स्थानहरुमा व्यवस्थित शहरीकरणको अवधारणा अनुरुप बस्ती स्थापनाको लागि मापदण्ड निर्धारण गरिनेछ । बेसीशहर बजार क्षेत्रको ट्राफिक व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

### विद्युत/ऊर्जाः

२४७. सडकवत्ति बाल्ने कार्यमा बत्ति जडान, मर्मत सम्भार, शुल्क र दीगो व्यवस्थापनको लागि नगरपालिकाबाट उपयुक्त कार्यविधि र मापदण्ड तयार गरी सडक बत्तिको विस्तार र व्यवस्थान मिलाइनेछ ।साथै थप जनशक्तिको पनि व्यवस्थापन गरिनेछ ।

२४८. बेनपा १ नगरपालिका प्रवेशद्वारदेखि बेनपा ६ मानेस्वाँरासम्मको सडक मार्गमा सडक बत्तिको व्यवस्थापन मिलाउने कार्यलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

२४९. बेसीशहर बजार क्षेत्रमा जडान गरिएको सडक बत्तीको मर्मत सम्भार गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

२५०. नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी आवास र बजार क्षेत्रका नांगो विद्युत तारलाई प्लाष्टिक कोटेड गराउने कार्यको लागि पहल गरिनेछ ।

२५१. वैकल्पिक ऊर्जा क्षेत्रका नयाँ प्रविधिहरुलाई उपयोग गर्न उचित ध्यान पुर्याइनेछ ।

### सूचना प्रविधि तथा सञ्चारः

२५२. नेपाल सरकार तथा बिभिन्न संस्थाहरुको सहकार्यमा बेसीशहर नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तारहरु व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२५३. नगरक्षेत्रका आन्तरिक पर्यटक विश्राम गर्ने सार्वजनिक स्थलहरुमा नेपाल टेलिकमसंगको समन्वयमा फ्रि वाइफाई जडान गरी सञ्चालनमा ल्याइनेछ ।

२५४. सञ्चार माध्यमहरुको संस्थागत पूर्वाधार सुदृढीकरण तथा क्षमता अभिबृद्धिको लागि लागत साझेदारीमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## (घ)वन, वातावरण तथा विपद् व्यवस्थापन

### वन, भू संरक्षण तथा जैविक विविधताः

२५५. खाली र बाँझो नीजि, वन क्षेत्रमा जग्गाहरुमा स्थानीय जलवायु सुहाउँदो फलफूल प्रजातिहरु पहिचान गरी फलफूलका खेती प्रणालीको विकास गर्ने कार्यमा सहयोग पुर्याइनेछ ।

२५६. सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप सञ्चालन गर्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

२५७. कच्ची सडकहरुको विस्तारसंगै मनसुनको समयमा पानी पर्ने गतिमा आएको परिवर्तनले हाम्रो पहाडी भिरालो जमिनमा भूक्षय तथा भू स्खलन बढ्दै गएको हुँदा विकास निर्माणमा वातावरणीय पक्षको अध्ययन मूल्याङ्कन गरी विकास निर्माण कार्य अघि बढाइनेछ । साथै वायो इन्जिनियरिङ तथा बाँस अम्रिसो रोपण गरी माटो बग्नबाट रोक्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२५८. जैविक विविधतातर्फ लोपोन्मुख बाली र वनष्पतिको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण, जलाधार क्षेत्रको संरक्षण गरी पानीका मुहान र श्रोतहरु सुक्न नदिने, संरक्षणमा संलग्नहरुलाई उत्प्रेरित गर्ने, जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाउने, बन डढेलो नियन्त्रण गर्न समुदायलाई अग्रसर गराउने जस्ता कार्य गरिनेछ ।

### वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनः

२५९. बेसीशहर नगरपालिकाको बजार तथा ग्रामीण क्षेत्रलाई सधैं स्वच्छ, रमणीय, सफा तथा सौंन्दर्यता सहितको हरियालीयुक्त बनाउने कार्यमा समुदाय तथा टोल विकास संस्थाहरुलाई सहयोग गरिनेछ ।

२६०. नगरभित्रको फोहोर व्यवस्थापनका निमित्त सेनेटरी ल्याण्डफिल्ड साईट तथा फोहोरमैला प्रशोधन केन्द्रको स्थापना गर्नको लागि हालसम्म पनि जग्गा व्यवस्थापन गर्न नसकिएको हुँदा यसतर्फ अझै प्रयास गरिनेछ ।

२६१. नगर क्षेत्र भित्र निस्कने कुहिने र नकुहिने फोहरमैलालाई अलग अलग छुट्याई राख्ने व्यवस्था मिलाउनको लागि सबै वडामा सचेतामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२६२. बेसीशहर बजार क्षेत्रको फोहरमैला संकलन र विसर्जन कार्यको लागि विद्यमान नीजि क्षेत्र संगको सहकार्यलाई जारी राखिनेछ ।

२६३. बजार क्षेत्रबाट गाउँ पुगी फोहरमा परिणत हुने प्लाष्टिकजन्य, सिसाजन्य तथा इलोक्ट्रोनिक सामाग्रीले भएको प्रदुषण र जोखिमलाई न्यूनीकरण गर्न समुदायलाई यसको उचित व्यवस्थापन गर्नको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनः

२६४. नगरपालिका क्षेत्र भित्र बाढी पहिरोबाट अति जोखिममा रहेका गाउँ/वस्तीहरुको अवस्था अद्यावधिक गरी सो अवस्था अनुसार आवश्यक सहयोग र प्रतिकार्यको पूर्व तयारी गर्ने व्यवस्था मिलाउनेछ । साथै ती बस्तीहरुमा बर्षातको समयमा थप सतर्कता अपनाउन समुदायलाई अभिप्रेरित गरिनेछ ।

२६५. यस नगरपालिकामा घट्न सक्ने विपदजन्य घटनाहरुको उद्धार कार्यलाई प्रभावकारी बनाउन ११ वटै वडा भित्र रहेका युवा क्लब, टोल सुधार समिति, महिला सञ्जाल युवा वर्ग लगायतका समूह र समितिहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

२६६. प्राकृतिक वा गैर प्राकृतिक विपदका घटना घटिहालेमा खोज, उद्धार, राहत र पुनर्स्थापनाको लागि पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ । आपतकालिन कार्य सञ्चालन केन्द्रमा विपद्जन्य सामाग्रीहरु तयारी अवस्थामा राखिनेछ । साथै वडाहरुमा समेत विपद् राहतजन्य सामाग्रीहरु खरिद गरी उपलब्ध गराइनेछ र सुरक्षित रुपमा राखिनेछ ।

२६७. मनसुनजन्य बर्षातका कारण पालिकाका कतिपय वडा कार्यालयसम्म जाने पहूचमार्ग अवरुद्ध हुन सक्ने र सवारी आवगमन रोकिन गई जनताले सेवा लिनबाट समेत बञ्चित हुनुपर्ने अवस्था आउन सक्ने हुँदा गतवर्ष झै उक्त वडा भित्रका सडकहरु खुलाउन पालिकासँग भएको लोडर मेशिन प्रभावकारी रुपमा परिचालन गरिनेछ र आवश्यकतानुसार जेसिबीहरु भाडामा लिइनेछ ।

२६८. नगरपालिका भित्र विपदजन्य घटनाबाट आहात हुने जनतालाई तत्काल राहतको व्यवस्था मिलाइनेछ । विपद्जन्य घटनामा खोज,उद्दार र प्रतिकार्यको लागि फ्रन्टलाइनमा खटिनु पर्ने नगरप्रहरीहरुलाई यस सम्बन्धी विशेष तालिम प्रदान गरिनेछ ।

२६९. जनसमुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू परिचालित हुने सन्दर्भमा उक्त निकायहरुको क्षमता विकास तथा आवश्यक सामान, उपकरण उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

२७०. जलजन्य प्रकोप नियन्त्रण तथा भूक्षय नियन्त्रणको लागि तारजाली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। साथै मर्स्याङदी जलाशय क्षेत्र, पुमा खोला, मजुवा खोला, खहरेखोला, धुवाँखोला लगायतका खोलानालाहरुको तटबन्ध निर्माण कार्यमा संघ तथा प्रदेश मातहतका कार्यालयहरुसंग आवश्यक समन्वय गरिनेछ ।

२७१. बर्षातको समयमा पानीजन्य संक्रमणहरु फैलिन सक्ने हुँदा पिउने पानीलाई थप शुद्दिकरण गरेर मात्र उपभोग गर्ने व्यववस्था मिलाइनेछ ।

२७२. विपद् व्यवस्थापन कोष मार्फत विपदजन्य घटनामा गर्दै आइएको राहत सहयोगलाई निरन्तरता दिइनेछ । साथै विपद्जन्य घटनाको स्थलगत अध्ययन गरेर मात्र सहयोग उपलब्ध गराइनेछ ।

२७३. नगरपालिकाको विपद् व्यवस्थापन ऐन संशोधन गरी विपद् व्यवस्थापन समितिलाई चुस्त प्रकारको बनाइनेछ ।

२७४. विपद्जन्य कार्यमा परिचालित हुने दमकल, जेसिबी, एम्बुलेन्स र सुरक्षा टोलीको सवारी साधनको मर्मत तथा इन्धन खर्च विपद् व्यवस्थापन शिर्षकबाट व्यहोरिने व्यवस्था मिलाइनेछ ।

२७५. जलवायु परिवर्तनले कृषि, ऊर्जा, पर्यटन, स्वाथ्य, जैविक विविधता आदि क्षेत्रमा ल्याउने प्रतिकुल प्रभावका बारे जनचेतना अभिबृद्धि गरी जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीलाई कम गरिनेछ ।

२७६. जलवायु परिवर्तनबाट परेका असर र प्रभावलाई न्यूनीकरण तथा अनुकुलन गर्न स्थानीय समुदायको उत्थानशील क्षमता विकास कार्यमा सहयोग पुर्याइनेछ ।

**(ङ)संस्थागत विकास र सुशासन**

**नीति, न्याय र कानून**

२७७. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकतानुसार संशोधन ,परिमार्जन तथा एकीकरण गरिनेछ र जारी भएका कानूनहरुको एकीकृत संगालो प्रकाशन गरिनेछ। नगरपालिकालाई आवश्यक पर्ने समय सापेक्ष कानूनहरुको निर्माण गर्दै लगिनेछ।

२७८. न्यायिक समिति समक्ष दर्ता भएका सर्वसाधरणको दैनिक जीवनसँग सरोकार रहेका उजुरि तथा मुद्दाहरुको न्याय सम्पादन प्रक्रिया सरल र सहज नागरिक मैत्री वातावरणमा छिटो ,छरितो र कम खर्चमा दिगो समाधान प्रयास गरिने छ।

२७९. हालसम्म पारित भएका कानूनहरु मध्ये प्रकाशन हुन बाँकी रहेका कानूनहरुको यथाशिघ्र प्रकाशन गरिनेछ।

२८०. विधायन समितिलाई कानून निर्माणमा थप सक्रिय बनाईनेछ । त्यसका लागि विद्यायन समिति, सम्बन्धित कर्मचारी, शाखा प्रमुख र जनप्रतिनिधिहरुलाई कानून निर्माण सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम गर्नुका साथै आवश्यकता अनुसार प्रदेश सरकारको समेत सहयोग लिईनेछ ।

२८१. वडा कार्यलयमा स्थापना भएका मेलमिलाप केन्द्रहरुको थप स्तरोन्नति गरि सम्बन्धित वडा कार्यालयबाट यथाशिघ्र मेलमिलापद्वारा विवाद निरुपण गर्ने अधिकतम् प्रयास गरिने छ।साथै मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि आधारभुत तालिम संचालन तथा मेलमिलापकर्ताको लागि उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२८२. न्यायिक समिति समक्ष दर्ता भएका उजुरि तथा मुद्दाहरुको न्याय सम्पादन अदालती प्रक्रियाबाट सरल र सहज नागरिक मैत्री वातावरणमा छिटो, छरितो र कम खर्चमा सम्पन्न बनाउन न्यायिक समितिका पदाधिकारी र सो अन्तर्गत कार्यरत कर्मचारीहरुलाई कार्यदक्षता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२८३. नगरपालिकामा इजलास सँगै एक मेलमिलाप कक्षको निर्माण गरिनेछ।

२८४. आम नगरवासिहरुमा न्यायमा पहुँचको दायरा फराकिलो बनाउन नागरिक सचेतना अभिवृद्दी गर्ने अभिप्रायले " समुदायमा न्यायिक समिति" तथा "मजदुर सँग न्यायिक समिति" भन्ने कार्यक्रम संचालन गरिनेछ ।

**सुशासन, सङ्गठन तथा क्षमता विकास**

२८५. नगरपालिकाको गतिविधि र प्रगति समेटेर त्रैमासिक रुपमा बेसीशहर बुलेटिन प्रकाशन गरिनेछ।

२८६. नगरपालिकाको आय व्यय मासिकरुपमा वेभसाईट मार्फत सार्वजनिक गरिनेछ।

२८७. आगामी आ.व. को लागि बार्षिक खरिद योजना तयार गरी प्रभावकारीरुपमा कार्यान्वयनमा लगिनेछ ।

२८८. आगामी वर्ष नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा/उपशाखा प्रमुखहरु विच कार्यसम्पादन सम्झौता गरिनेछ ।

२८९. सदाचार प्रवर्द्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टचार गर्ने र गराउने दुवैलाई कानूनको दायरामा ल्याईनेछ । कार्यसम्पादनमा दण्ड-पुरस्कार प्रणाली अवलम्वन गरी राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । त्यसका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ।

२९०. नगरपालिकामा आउने गुनासो तत्काल सम्बोधन गरिनेछ। नगरपालिकामा के कति गुनासो/ उजुरी प्राप्त भए र के कति गुनासो तथा उजुरी सम्बोधन तथा फछ्र्यौट भए सो को अभिलेख राख्ने व्यवस्था गरिनेछ ।साथै नगरपालिकामा सूचना तथा प्रविधिको माध्यमबाट गुनासो राख्न सक्ने र सो को सम्बोधन तथा फर्छ्यौट गर्ने प्रणालिको व्यवस्था गरिनेछ।

२९१. नगरपालिकाका विषयगत समितिहरुलाई थप क्रियाशील, उत्तरदायी र परिमाणमुखी बनाइनेछ ।

२९२. योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

२९३. जवाफदेहिताको लागि नियमित रुपमा सार्वजनिक सुनुवाई आयोजना गरिनेछ भने आयोजनागत रुपमा सार्वजनिक परीक्षण गर्ने कार्यलाई थप व्यवस्थित गर्नुका साथै नागरिक सन्तुष्टि सर्वेक्षणका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

**स्थानीय सेवा र जनशक्ति व्यवस्थापन**

२९४. संघ सरकारले सम्पूर्ण सरकारी सेवाप्रवाहलाई सूचना प्रविधिमा आवद्द गर्ने डिजिटल नेपाल फ्रेमवर्क तयार गरेको स्थितिमा नगरपालिकाबाट सम्पादन हुने सम्पूर्ण कामकारवाही व्यवस्थित, सरल, सहज र पारदर्शी बनाउन सूचना प्रविधिको उपयोगलाई बढाउँदै लगिनेछ।

२९५. सेवाग्राहीहरुको सहायताको लागि स्थापित नागरिक सहायता कक्षलाई थप व्यवस्थित गर्न छुट्टै सहजकर्ता कर्मचारी तोकी सेवा परिष्कृत गरिनेछ । गुनासो सुन्ने, सहकार्य गर्न र सुधार गर्ने प्रणालीको विकास गरिनेछ ।

२९६. नगरपालिकाको स्थानीय सञ्चित कोषबाट पारिश्रमिक पाउने सम्पूर्ण कर्मचारीलाई (निवृत्तिभरण पाउने बाहेक) नियमानुसार सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

**वित्तीय सुशासन, पारदर्शिता र उत्तरदायित्व**

२९७. नगरपालिकामा हुने सार्वजनिक खर्च व्यवस्थापनलाई विधिसम्मत बनाउदै कुल खर्चमा बेरुजु प्रतिशत घटाउँदै लगिनेछ । बेरुजु सम्परीक्षणलाई प्राथमिकतामा राखी छुट्टै बेरुजु सम्परीक्षण कार्यदल गठन गरी परिचालन गरिनेछ ।

२९८. गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको नीति तथा कार्यक्रमहरुसंग तादात्म्यता मिलाई बजेटमा समावेश गरी कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

२९९. नगरपालिकाको वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाईनेछ । सार्वजनिक स्रोत साधनको प्रभावकारी, सक्षम र न्ययोचित परिचालन गरिनेछ ।

३००. सम्पुर्ण प्रतिवेदनहरु समयमै नागरिकले प्राप्त गर्ने प्रबन्ध मिलाउने, सेवा प्रवाह सम्बन्धी जानकारी वेवसाईटमा वा सामाजिक संजाल मार्फत उपलब्ध गराईनेछ ।

**तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापनः**

३०१. नगरपालिकाको प्रोफाइललाई तथ्यपरक रही समयसापेक्ष अद्यावधिक गरिनेछ ।

३०२. उपलब्ध भएका तथ्याङ्कहरुलाई विश्लेषण गरी योजना तथा कार्यक्रम तर्जुमा गर्दा तथ्य तथ्याङ्कहरुको आधारमा तर्जुमा गर्ने परिपाटीको विकास गरिनेछ ।

३०३. नगरपालिकामा ढड्डामा रहेका विवरणहरुलाई डिजिटाइजेशन गर्ने कार्यको थालनी गरिनेछ ।

३०४. नतिजामा आधारित अनुगमन प्रणालीलाई कार्यान्वयमा ल्याइनेछ ।

३०५. सार्वजनिक एवम् सरकारी सम्पत्तीको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन गरिनेछ ।

३०६. नगरपालिकाबाट कार्यान्वयन हुने सवै आयोजना तथा कार्यक्रमहरुको नगरपालिकास्तरीय अनुगमन समितिबाट अनुगमन गरिने व्यवस्था मिलाइनेछ ।नगरपालिकाको आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले आयोजना/कार्यक्रम सम्पन्न भए वास्तविक रुपमा सार्वजनिक परीक्षण गर्ने परिपाटीलाई कडाइका साथ पालना गराइनेछ ।आयोजनास्थलमा अनिवार्यरुपमा आयोजना सूचना पाटी (होर्डिङबोड) राख्ने व्यवस्था मिलाइनेछ ।

३०७. समितिको प्रतिवेदन नियमित रुपमा कार्यपालिका बैठकमा पेश गरिनेछ ।

३०८. नगरपालिकाको ज्ञान, सीप र क्षमताले नभ्याउने कार्यमा आवश्कतानुसार विज्ञ समुह गठन गरी सहयोग लिइनेछ ।

**सभाध्यक्षज्यू एवम् सभासद्ज्यूहरु,**

३०९. उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ७८ करोड ४८ लाख ९२ हजार खर्च हुने अनुमान गरिएको छ । जसमध्ये, चालुतर्फ ४७ करोड ९० लाख (६१.०३ %) र पुँजीगततर्फ ३० करोड ५८ लाख ९२ हजार (३८.९७%) रहेको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमा संघीय सशर्त अनुदान (चालु र पूँजीगत) बाट ३६ करोड ७७ लाख ( ४६.८५%), संघीय समानीकरण अनुदानबाट १३ करोड ८ लाख (१६.६६%), संघीय राजश्वबाट १२ करोड ५७ लाख ७२ हजार (१६.०३%), आन्तरिक आय र स्थानीय राजश्वबाट ८ करोड ५५ लाख ६५ हजार (१०.९०%), प्रदेश सरकारबाट ४ करोड २१ लाख ५५ हजार (५.३७%), संघीय समपुरक/विशेष अनुदान तथा अन्यबाट ३ करोड २९ लाख (४.१९%) रहेको व्यहोरा अनुरोध गर्दछु ।

३१०. विनियोजित बजेटको क्षेत्रगत विनियोजन देहाय वमोजिम प्रस्ताव गरिएको छ ।

**१.आर्थिक विकासतर्फः**(कृषि, पशु, पर्यटन,सिंचाई, सीप विकास, श्रम, रोजगार,उद्यमशिलता,गरिबी निवारण, उद्योग, व्यवसाय, भूमि व्यववस्था, सहकारी, वित्तिय सेवा) **४ करोड ९२ लाख ९० हजार**

२.**सामाजिक विकासतर्फः**(शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई, भाषा कला साहित्य, युवा खेलकुँद तथा नवप्रवर्तन,सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र पञ्जिकरण) **३६ करोड ८७ लाख ५७ हजार**

३.**पूर्वाधार विकासतर्फः**(सडक, सडक पुल, झोलुङ्गेपुल, भवन, शहरी पूर्वाधार, आवास तथा बस्ती विकास,ऊर्जा जलश्रोत तथा सञ्चार) **२० करोड १५ लाख ९४ हजार**

४.**वन, वातावरण र विपद् व्यवस्थापनतर्फः**( वन,भू संरक्षण तथा जैविक विविधता, वातावरण तथा फोहरमैला व्यस्थापन, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुनल) **७७ लाख २६ हजार**

५. **संस्थागत विकास र सुशासनतर्फः**(नीति, कानून न्याय तथा सुशासन, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह, संगठन तथा क्षमता विकास, राजश्व तथा श्रोत परिचालन, तथ्याङ्क प्रणाली र विकास व्यवस्थापन) **१५ करोड ७५ लाख २५ हजार**

**सभासद्ज्यूहरु,**

३११. चालु आ.व. २०८१/८२ को संशोधित बजेटको तुलनामा आगामी आ.व.२०८२/८३ को प्रस्तावित बजेट ७१ लाख ३८ हजारले बढी रहेको छ । राजश्व संकलनमा थप समस्या तथा चुनौतीहरु देखा परिरहेका छन्। चुनौतीहरुलाई अवसरमा रुपान्तरण गर्दै आगामी आ.व मा लक्ष्य वमोजिम नै राजश्व संकलन गर्न सफल हुने विश्वास लिएको छु ।

३१२. आगामी आ.व २०८२/८३ को प्रस्तावित आय अनुमान तथा आन्तरिक आयको शिर्षकगत अनुमान र चालु र पूँजीगत व्यय अनुमान यसै साथ पेश गरेको छु । नगरपालिका र वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको साथै सशर्त अनुदानतर्फका आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण नगरसभाको आगामी बैठकमा पेश हुने व्यहोरा समेत जानकारी गराउँदछु । संघीय र प्रदेशतर्फका योजना तथा कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी नगरपालिकाको आयोजना तथा कार्यक्रमहरु तय गरिनेछ ।

**अध्यक्ष महोदय,**

३१३. अब म आर्थिक बर्ष २०८२/८३ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

३१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयतहलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, विक्री, लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, विद्युत रोयल्टी र वन रोयल्टी समेत स्थानीय तहलाई प्राप्त हुनेछ ।

३१५. स्थानीय सरकाको क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ । कर प्रशासनलाई तथ्याङ्कमा आधारित, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**नगर सभासदस्यज्यूहरु !**

३१६. नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने सन्दर्भमा कार्यान्वयन कार्ययोजना र खरिद योजना निर्माण गरी अघि बढ्ने व्यहोरा अवगत गराउँदछु । यस नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सवै सांसदज्यूहरु, बुद्धिजीवी. समाजसेवी, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, विभिन्न संघसंस्थाहरु, विभिन्न समुह सञ्चाल आम नागरिक तथा सरोकारवाला सवैप्रति नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञताका साथै आभार व्यक्त गर्दछु । धन्यवाद ।

असार ९, २०८२

(संशोधन समेत मिलाइएको)